


# देशवार्ता

भारतको सर्वाधिक प्रचारित नेपाली साप्ताहिक

Total Pages-6

R.N.I. Regd No. 41005/91 Postal Regd. No. D/018/2020-23   Vol. 33 No. 32

ভৈৰৱী কটেজ ইণ্ডাষ্ট্ৰীজ

বজাৰৰ শ্ৰেষ্ঠ ফিনাইল প্ৰস্তুতকৰ্তা।

তেজপুৰ, শোণিতপুৰ, অসম

অস্থায়ী ঠিকনা ঃ

জে.এন. ৰোড, কছাৰীগাঁও, তেজপুৰ

সদায় ব্যৱহাৰ কৰক আৰু ঘৰখন বিজাণুমুক্ত কৰি ৰাখক।

वर्ष 33 ❑ अङ्क 32 ❑ विक्रमसम्वत 2080 ❑ पुष 11 गते, बुधबार ❑ December 27, 2023 ❑ Wednesday ❑ Tezpur Price 8.00

## एनकाउन्टार वितर्कको वीचमै आल्फासँग त्रिपाक्षिक सम्झौताको प्रयास केन्द्रको



गुवाहाटी : आल्फाको सन्देहमा स्मार्ट असम पुलिसले असमीया युवकलाई तथाकथित एनकाउन्टारमा गोली गरेको वितर्कको वीचमै वार्तापन्थी आल्फासँग शान्ति सम्झौता गर्न तैयार भएको छ केन्द्रीय सरकार। नववर्षको प्राकक्षणमा ३१ डिसम्बर संयुक्त मुक्ति वाहिनी असम (आल्फा)सँग त्रिपाक्षिक सम्झौतामा हस्ताक्षर गरी चमत्कारको सृष्टि गर्न प्रस्तुति चलाएको छ केन्द्रको नरेन्द्र मोदी सरकारले। ऐतिहासिक यस सम्झौतामा के के रहने छन त्यो अहिलेसम्म अवगत भएको छैन तापनि नयाँ दिल्लीमा बैठकको अपेक्षा गरिरहेका छन आल्फाका साधारण सचिव अनुप चेतियाले। ३१ डिसम्बरमा हस्ताक्षर हुने सम्झौतालाई लिएर वार्तापन्थी संगठनका नेता-केडारहरू अन्धकारमा रहे तापनि गत सोमबार हवाईमार्गद्वारा दिल्लीमा उपस्थित भएका छन आल्फाका शीर्ष नेता अनुप चेतिया र शशधर चौधुरी। अवश्ये आल्फासँग सम्पन्न हुने त्रिपाक्षिक शान्ति सम्झौताको मसौदाको सन्दर्भमा पनि अहिलेसम्म असम सरकारलाई केन्द्रीय सरकारबाट *रहल ४ मा*

## विपक्षी ऐक्य मञ्चमा एक विशेष सुत्र अनुसार आसनको भाग वितरण गरिने छ

### विपक्षी ऐक्य मञ्चको चुनावी प्रस्तुति सुरू



गुवाहाटी : कंग्रेसको नेतृत्वमा एकजुट भएका १५ वटा विपक्षी राजनैतिक पार्टी वीच एक विशेष सुत्र अनुसार आसनको भाग-वितरण गरिने छ। प्रदेश कंग्रेसका अध्यक्ष भुपेन बराले यो कुरा अवगत गराएका छन। विपक्षी ऐक्य मञ्चका १५ वटा पार्टी भित्र १० वटा दलले आसनलाई लिएर कुनै प्रकारको हिचकिचावट राखेका छैनन भनी उल्लेख गर्दै उनी भन्छन कि चारवटा राष्ट्रिय पार्टीले दिल्लीमा वार्ता गर्नेछन। त्यसपछि मात्र आसन भाग-वितरण गरिने छ। अहिलेसम्म अखिल गोगोई र अजित भूञाको नेतृत्वाधीन पार्टी दुईटाले चुनाउमा उम्मेदवार खडा नगराउने व्यक्त गरेका छन। अन्य आञ्चलिक पार्टीसँग कंग्रेसले छलफल गर्नेछ भनी *रहल ४ मा*

## बालिपाडामा भयङ्कर दुर्घटना पाँचजनाको मृत्यु

बालिपाडा : शोणितपुर जिल्लाको बालिपाडाका विभिन्न ठाउँमा भएको सडक दुर्घटनामा पाँचजना व्यक्तिको करुण मृत्यु भएको छ। गत मङ्गलबार राति बालिपाडामा जुबिन गार्गको एक सांस्कृतिक कार्यक्रमको आयोजन गरिएको थियो। बालिपाडा मजलीया विद्यालयको शतवर्षको कार्यक्रममा आयोजन गरिएको सांस्कृतिक अनुष्ठान उपभोग गरी फर्किएको *रहल ४ मा*

## भारत जोडो यात्रापछि न्याय यात्रामा राहुल



न्यूज डेस्क : सन् 2024 को लोकसभा निर्वाचनअघि भारतीय कांग्रेस नेता राहुल गान्धीले भारत न्याय यात्रा गर्ने भएका छन्। गान्धीको यो यात्रा 14 जनवरी, 2024 मा पूर्वोत्तर भारतको मणिपुरबाट सुरु भएर 20 मार्चमा मुम्बईमा समापन हुनेछ।

गान्धीले 14 राज्य र 85 जिल्लामा बस र पैदल गरी 6 हजार 2 सय किलोमिटरको यात्रा 67 दिनमा पूरा गर्नेछन्। यो यात्रा मणिपुरबाट सुरु भएर नागाल्याण्ड, असाम, मेघालय, पश्चिम बंगाल, बिहार, झारखण्ड, उडिसा, छत्तीसगढ, उत्तर प्रदेश, राजस्थान र गुजरात हुँदै महाराष्ट्र पुग्नेछ।

कांग्रेस आईले यो न्याय यात्राको उद्देश्य आर्थिक, सामाजिक र राजनीतिक न्याय भएको बताएको छ। यात्राका क्रममा गान्धीले *रहल ४ मा*

## तेजपुरमा बक्सीको सन्देहमा तीन सन्तानकी आमालाई जिउँदै ज्वलाएर हत्या

तेजपुर : बोक्सीको नाममा फेरि भयङ्कर घटना भएको छ। तेजपुरको समीप बरसन घगरा गाँउमा गत २४ डिसम्बरको साँझ एउटी महिलालाई बोक्सीको सन्देह गरी कुटपीट गरेपछि जिउँदै ज्वलाएर हत्या गरेका छन केही अन्धविश्वासी उद्दण्ड मानिसहरूले। घटनाको विवरण अनुसार तेजपुरको बेबेजिया पुलिस चौकी अन्तर्गत चिया जनगोष्ठी जनबहुल बरसन घगरा गाँउका केही मानिसले धान काट्ने मजदुरी गरेको अन्त्यमा अघिल्लो दिनको जसरी नै त्यसदिन साँझ पनि चाँडै खानपिन गरी ओछ्यानमा ढल्किंदा सुनसान भएको थियो। यसै समयमा प्राय ७.३० बजे गाँउका बासिन्दा तथा मजदुरी गर्ने राम कापीको घरमा उपस्थित हुन्छ एउटा ६ जनाको दल। त्यसै अञ्चलका बासिन्दा यस दलले राम कापीकी पत्नी सङ्गीता कापीलाई आक्रमणको लक्ष्य बनाउँदछन। पति रामले यस क्षेत्रमा बाधा दिएर पनि व्यर्थ हुनु परेको थियो। रामलाई पनि प्रहार गरेपछि बोक्सीको सन्देहमा सङ्गीता कापीलाई अन्धविश्वासीको उद्दण्ड दलले प्रहार गरी जगत्याउन लाग्दछन। मानवरुपी यो दानवको दलले प्रहार गरी ३३ वर्षीय महिलालाई अच्कल्टो गराएपछि कापीको घरको आँगणमै पराल थुपारेर जिउँदै ज्वलाएर नृशंस रूपमा हत्या गर्दछ। यो अमानवीय घटनाको खबर पाएपछि तेजपुर पुलिसका प्रभारी अधिकारी *रहल ४ मा*

## आग्सुको 17औँ द्वि-वार्षिक अधिवेशन र उत्तर-पुर्वाञ्चल गोर्खा महोत्सवको तेश्रो दिनपनि शंकरदेव कलाक्षेत्रमा जनसमुद्र

### सभापतिको रूपमा मनोनीत भए सुनिल छेत्री, सचिवको पदमा नुमल छेत्री





गुवाहाटीबाट शान्ता सिर्पालीरो रिपोर्ट : 26 दिसम्बर : अखिल असम गोर्खा छात्र संघको 17औँ द्वि-वार्षिक अधिवेशन तथा दोश्रो उत्तर-पुर्वाञ्चल गोर्खा महोत्सवमा तेश्रो दिनपनि जनसमुद्रको भेल उर्लिएको थियो। तेश्रो दिन बिहान आग्सुको प्रतिष्ठा दिवस संग सम्पर्क राखि 48 ओटा झण्डोत्तोलन गर्दछन पुर्व छात्र नेताहरुले। तेसभन्दा अघि आग्सुका मूल सचिव नुमल छेत्रीले शहीद स्मारकमा शहीद तर्पण गरेपछि गोर्खा स्वायत्त शासित परिषद दावी र गोर्खाहरुको सांविधानिक रक्षा कवच माथि संगोष्ठी सम्पन्न हुन्छ। उक्त संगोष्ठीमा सिक्किम केन्द्रीय विश्वविद्यालयका प्रतिष्ठापक उपकुलपति ड. महेन्द्र पि लामा मुख्य वक्ता र गुवाहाटी विश्वविद्यालयका ड. जयन्त कृष्ण शर्मा वक्ताका रुपमा रहेका संगोष्ठी सञ्चालन गर्दछन आग्सुका सभापति अर्जुन छेत्रीले। तेसपछिनै असमेली जातीय संगठनका विभिन्न भाषा-भाषीहरुका नेताहरुले जनगोष्ठीय छात्र संगठन र गोर्खा छात्र बीचको सौहार्दमुलक सांगठनिक पहल जनगोष्ठीय छात्र समारोह सम्पन्न सम्पन्न हुन्छ। 25 दिसम्बर दिउँसोदेखि श्रीमन्त शंकरदेव कलाक्षेत्रको आन्तर्जातिक प्रोक्षागृहमा सम्पन्न भएको प्रतिनिधि सभामा परवर्ती दुइवर्षे कार्यकालका निम्ती सुनिल छेत्री र नुमल छेत्री सभापति औ मूल सचिवको रुपमा मनोनीत हुन्छन भने आग्सुको इतिहासमा कुनै प्रतिदन्दिता नगरि पुर्णांग समिति गठन हुन्छ। खानापाडाको पशु चिकित्सा *रहल ४ मा*

## पुलिस अधीक्षक पदबाट राजीनामा आनन्द मिश्रको राजनीतिमा योगदान गर्ने सम्भावना



लखिमपुर : लखिमपुर जिल्लाको पुलिस अधीक्षकको रूपमा कार्यरत आनन्द मिश्रले जागिरे जीवनबाट विदा लिन चाहेका छन। यस सन्दर्भमा राज्यका मुख्य सचिव र पुलिसका सञ्चालक प्रधानलाई पत्र प्रेरण गरेका छन। २०११ सनको असम-मेघालय बेत्चका आईपीएस अधिकारीले सम्पूर्ण व्यक्तिगत कारणमा जागिरे जीवनबाट विदा लिन चाहेका छन। राजीनामा पत्रमा भारतीय पुलिस सेवाको दायित्वबाट विदा लिन अनुरोध गर्दै आगामी दिनमा स्वतन्त्र रूपमा विभिन्न सामाजिक र अन्य काम गर्दै जाने उनले व्यक्त गरेका छन। उल्लेख्य, मिश्रले सरकारी जागिर त्याग गरी आउँदा दिनहरूमा राजनीतिक क्षेत्रमा पाइलो राख्ने पनि *रहल ४ मा*

## तेजपुरको ऐतिहासिक वाण थिएटरको द्वि-वार्षिक साधारण सभा सम्पन्नः नयाँ कार्यकारी समिति गठन

तेजपुर : ११८ वर्ष बिताएको तेजपुरको ऐतिह्यमण्डित वाण थिएटरका सभापति वंकिम शर्माले झण्डोत्तोलनद्वारा बिहान ८ बजे सुरु गरेको वाणथिएटरको द्वि-वार्षिक सादारण सभा कार्यकारी सदस्य पंकज बरुवाले सञ्चालन गरेका थिए भने वाणथिएटरको लक्ष्मीराम बरुवा संगीत महाविद्यालयका अध्यक्षा कुञ्जमा बरदलै बराको नेतृत्वमा शिक्षक-शिक्षिकाहरूले अन्य सदस्यहरूसँग झण्डागीत प्रस्तुत गरेको प्राक मुहुर्तमा स्थायी सभापति, वरिष्ठ गीतकार वंकिम शर्माले झण्डा फहराएका थिए। त्यसपछि सभापति शर्माले उद्घाटन भाषणमा वाणथिएटरलाई राज्यको एक महत जातीय अनुष्ठान बनाउने क्षेत्रमा सबैलाई सहयोग गर्न आह्वान गरेका थिए। आधुनिकिकरणको काम जारी रहेको वाणथिएटर प्राङ्गणमा सभापति शर्माको अगुवाइमा मूलसचिव जितुमनि देवचौधुरीले उद्देश्य व्याख्या गरेका थिए भने सम्पादकीय प्रतिवेदनका साथै शोक प्रस्ताव पाठ गरी साधारण सभा सुरु गरिएको थियो। मूलसचिव चौधुरीले दुई वर्षे कार्यकालका साथै कोभिडकालीन परिस्थितिको परिप्रेक्षमा दुई वर्षे कार्यकालका साथ वृद्धि भएको एक वर्ष सहित तीन वर्षको प्रतिवेदन पाठ गरेका थिए। सबामा सचिव द्विजेन नाथले गत साधारण सभाको प्रतिवेदन पाठ गरेपछि सभाले त्यसलाई ग्रहण गरेको थियो। हिसाब परीक्षक खनिन्द्र कुमार डेकाले वाणथिएटरको मूल समितिको हिसाबको प्रतिवेदन पाठ गर्नुका साथै वाणथिएटरको लक्ष्मीराम बरुवा संगीत महाविद्यालय र पूजा समितिको वार्षिक खर्चको प्रतिवेदन पाठ गरेका थिए। उल्लेख्य छ, तेजपुरको ऐतिज्यमण्ड़ित वाणथिएटरलाई सुदीर्घ २५ वर्ष सेवा दिने र ६० वर्ष कटेका वरिष्ठ अभिनेता भवानी नाथ, वरिष्ठ समाजकर्मी निर्मल कलिता र वरिष्ठ नाट्यकार प्रमथ दासलाई आजीवन सदस्यको स्वीकृतिपत्र प्रदान गरेको सभामा वाणथिएटरका पूर्व सभापति महेन्द्र नाथ केउँट, *रहल ४ मा*

## विशिष्ट कवि-गीतकार दुर्गाप्रसाद घिमिरे अब रहेनन : तेजपुरमा शोक



तेजपुर : विशिष्ट कवि, गीतकार, निबन्धकार, असम सरकारको साहित्यिक पेन्सन प्रापक, दरङ महाविद्यालयका अवकाशप्राप्त नेपाली विभागका विभागीय प्रमुख अध्यापक दुर्गाप्रसाद घिमिरे अब रहनेन। बार्धक्यको कारण गत २५ डिसम्बर राति १२.२५ बजे साहित्यका उज्जल नक्षत्र घिमिरेले यस संसारबाट विदा लिएका छन। २४ डिसम्बरको दिन उनको शारीरिक स्थिति कमजोड भएकोले गर्दा परिवारका मानिसले स्थानीय निजि खण्डको एक अस्पतालमा भर्ना गराएका थिए। शरीरमा हिमोग्लोबिनको मात्रा अत्यन्तै कम भएको थियो र रगत दिनु पर्ने भएको चिकित्सकले बताएका थिए। तर रगत लगाउने पूर्व नै उनको परलोक प्राप्ति भयो। उनको निधनको समाचार फैलिने साथै समग्र अञ्चलमा शोक छाएको छ। निधनको समयमा उनको उमेर ८७ वर्ष पुगेको थियो।

१९३७ सनको १९ फरवरीको दिन असमको तत्कालीण दरङ (वर्तमान शोणितपुर) जिल्ला अन्तर्गत बुढाछपडी भन्ने ठाउँमा दुर्गाप्रसाद उपाध्याय घिमिरेको जन्म भएको थियो। उनले प्राथमिक शिक्षा त्यहीँकै विद्यालयबाट सुरू गरी तेजपुर सरकारी विद्यालयबाट मेट्रिक र सेन्ट एन्टोनिज महाविद्यालय, शिलाङबाट स्नातक डिग्री हाँसिल गरेका थिए। अति मेधीसम्पन्न एवं अध्ययनशील घिमिरेले गुवाहाटी विश्वविद्यालयबाट राजनीति विज्ञान विभागमा स्नातकोत्तर डिग्री हाँसिल गर्नुका साथै परवर्ती समयमा त्रिभुवन विश्वविद्यालय काठमाण्डौंबाट नेपाली साहित्यमा पनि स्नातक डिग्री हाँसिल गरेका थिए। उनलो औपचारिक शिक्षा समाप्त गरेपछि नै सर्वप्रथम वर्तमान बडसोला समष्टि अन्तर्गत शिङरी हाईस्कूलमा शिक्षकता गर्दछन र त्यसपछि दरङ महाविद्यालय तेजपुरमा १९६८ देखि विभागीय प्रमुख अध्यापकको रूपमा शिक्षादान गर्दछन। उनले लामो समयसम्म शिक्षण संस्थामा संलग्न रहेर १९९७ मा अवकाश *रहल ४ मा*

## यीशूबाट शिक्षा लिउ आउनुहोस

## वरदिनमा मोदीको आपील

न्यूज डेस्क : समग्र विश्वको साथै सोमबार भारतले पनि हर्षोल्लाशको साथ पालन गरेको छ पवित्र उत्सव वरदिन। यीशूको जन्मदिनमा देशवासीलाई शुभेच्छा ज्ञापन गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले यीशूले दिएका शिक्षा स्मरण गर्न आह्वान गरेका छन। भारत राष्ट्र गठनमा ख्रीष्टानहरूको महत्वपूर्ण योगदानको उल्लेख गरेका छन मोदीले। ख्रीष्टान धर्मावलम्बीहरूलाई सम्बोधन गर्दै उनी भन्छन - सबैलाई ख्रीष्टमासको शुभेच्छा। यस उत्सवले हजुरहरूको जीवनमा शान्ति, समृद्धि र खुशियाली ल्याउन सक्छ भन्ने म आशा गर्दछु। हामी सबैले यीशूले दिएका शिक्षा ग्रहण गर्नु पर्दछ। उल्लेख्य, राष्ट्रपति द्रौपदी मुर्मुले पनि देशवासीलाई वरदिनको शुभेच्छा ज्ञापन गरेकी छन। यता बलिउडकी अभिनेत्री तथा हिन्दुत्वकी प्रवक्ता कंगना राणावटले उनको बासगृहमा वरदिन पालन गरेकी छन। कंगनाले वरदिन पालन गरेको आफ्नो तस्वीर समेत सोसियल मिडियामा शेयर गरेकी छन।

## पुलिसको उत्पीडनले गर्दा तिताबरका दिपाङ्करको आत्महत्या

जोरहाट : पुलिसको अमानवीय उत्पीडन सहन नसकेर तिताबरको बिरिना सायेक अञ्चलका दिपाङ्कर गोगोई (२४) नामका युवकले २६ डिसम्बर बिहान आफ्नै घर समीप भएको एउटा चिया बगानको रुखमा पासो हालेर आत्महत्या गरेका छन। विगत चारदिनदेखि जोरहाट पुलिस अधीक्षकको नेतृत्वमा तिताबर पुलिसले आल्फाको लिङ्कमेन भनी सन्देह गरी घरबाट लिएर गएको थियो र धेरै राति घरमा छोडेर गएको थियो। पुलिसले युवकको घरमा धेरैपटक सन्देहास्पद कागजात-सामग्रीको खोजी गरेको थियो भनी परिवारका मानिसले व्यक्त गरेका छन। गतराति प्राय २.३० बजे युवकलाई पुलिसले घरमा छोडेर आएपछि बिहान आत्महत्या गर्दछन। युवकको मृत्यु भएको भनी तिताबर पुलिसलाई परिवारका मानिसले अवगत गराएपछि दिउँसो ११ *रहल ४ मा*

## अन्धविश्वासको कु-परिणाण

## घर भत्काएर बृद्ध दम्पत्तिलाई लखेटो दुष्कर्मीको समुहले

राङ्गापाडा : तेजपुरकी महिलालाई जिउँदै ज्वलाएर हत्या गरेको भनी ओन क्यामेरा छिमेकीले घमण्ड गरेको भोलिपल्टै एउटै जिल्लामा बोक्सीको नाममा अर्को एक अमानवीय घटना भएको छ। शोणितपुर जिल्लाको राङ्गापाडास्थित लालबराही भन्ने ठाउँमा अन्धविश्वासको शिकार भएर एउटै गाँउका केही युवकहरूले घर तोडफोड गर्नुका साथै बृद्ध दम्पत्तिलाई त्यहाँबाट लखेटेका छन। युगौंयुगदेखि लालबराहीमा बसोबास गर्ने परिवारको घर परिसरमा भएको सबै रूख काटेर अनिष्ट गरेको छ दुष्कर्मीको समुहले। घर तोडफोड गर्ने मूल आरोपीलाई समेत पीडित बृद्धले पहिचान गरेका छन। एउटै गाँउका वशिष्ठ बसुमतारीको नेतृत्वमा आक्रमणकारीको समुहले बोक्सी भन्ने अन्धविश्वास फैल्याएको आरोप लगाएका छन पीडितले। अन्धविश्वासको शिकार भएर रूद्रमूर्ति धारण गर्ने समुहले तोडफोड गरेको घरबाट बृद्ध दम्पत्ति भाग्यवशः बच्न सक्षम भएका छन। दुई-एक घरका सामग्री बोकेर अरूणाचल सीमान्तको चारदुवारमा भागेर आएका छन बृद्ध दम्पत्ति। एउटा घर रहँदा रहँदै अन्धविश्वासी एउटा समुहले गर्दा नै विगत दुई महिनादेखि छानो नभएको एउटा झोप्रामा आश्रय लिनु परेको छ पीडित दम्पत्तिले।

देशवार्ता
तेजपुर : 27 डिसम्बर : २०२३
वि. स. : २०८० : पुष : 11 गते

## आल्फा-सरकार वीच शान्तिवार्ता

हालै माथिल्लो असममा सेनालाई लक्ष्य गरी दुईवटा ग्रेनेड विस्फोट पछि विद्रोही संगठन आल्फाको विरूद्ध पुलिस निक्कै सक्रिय बनेको छ। ९० को दशकदेखि प्राय अढाई दशकसम्म आल्फाले फैल्याएको हिंसात्मक गतिविधि विगत केहीवर्षमा भने मत्थर देखिएको थियो। आतङ्कवादीको हिंसात्मक कार्यमा कमि आउने साथसाथै राज्यमा सामग्रिक परिस्थितिमा पनि सुधार आउन लागेको छ। राज्यका विकासशील कामका साथै चौतर्फ विनियोग बढेको छ। असमलाई आन्तरिक माया गर्ने कुनै पनि नागरिकले आतङ्कमय परिस्थिति हेर्न चाहदैनन। जोरहाटको लिचुबारीको सेना शिविरमा १४ डिसम्बरमा भएको विस्फोटको जिम्मेवारी आल्फा (स्वा)ले लिएको छ। यस घटनाको छानबिनको लागि केन्द्रीय गृह मन्त्रालयको अधीनको केन्द्रीय अनुसन्धान संस्था (निया)को एउटा दलले पनि छानबिन गरिरहेको छ। यता ग्रेनेड विस्फोटलाई लिएर असम पुलिसका सञ्चालक प्रधान र आल्फा (स्वा) वीच खुल्ला तर्कयुद्ध सुरू भएको छ। आमजनतामाथि सोझो हमला गर्नु भन्दा पुलिस सञ्चालक प्रधान जी.पी. सिंहले उनीमाथि नै आक्रमण गर्न आल्फा (स्वा)लाई चुनौति दिन समेत चुकेका छैनन। अर्कातिर, राज्य सरकार र केन्द्र सरकारले पनि आल्फालाई कसरी हुन्छ मूलस्रोतमा ल्याउन प्रयास जारी राखेका छन। राज्यमा स्थायी शान्तिको परिवेश कायम गर्न सरकारले नै ठोस कदम चाल्नुपर्छ। शान्तिवार्ताको लागि सरकारले विगत तीनदशकदेखि प्रयास गरिरहेको छ। परेश बरुवाले वार्ताको खुल्ला विरोध पनि गरेका छैनन। तर शान्ति प्रतिष्ठाको लागि औपचारिक वार्ता परेश बरुवासँग अहिलेसम्म सम्भव भएको छैन। केन्द्र सरकारले २००३ सनमा भुटानमा र २०१० सनमा बांगलादेशमा भएको आल्फाको घाटी ध्वस्त गरेपछि संगठनको सांगठनिक घडेरी धेरै हदसम्म कमजोड भएको छ। तापनि परेश बरुवाले संगठनलाई जसैतसै बचाएर राखेकै छन। लामो समयसम्म नेतृत्वमा रहेका आल्फाका अधिकांश नेता-सदस्यले आत्मसमर्पण अथवा वार्ताको पक्षमा रहेर खुल्ला आकाशमुनि घुम्ने मौका पाएका छन। आल्फाका सभापति अरबिन्द राजखोवा, उप सभापति प्रदीप गोगोई, साधारम सचिव अनुप सेतिया लगायत अन्य धेरै नेताहरूले पनि वार्ताको लागि अघिबढेर परेश बरुवाको साथ छोडिसकेका छन। परेश बरुवालाई एक्लो बनाएर आल्फाका केन्द्रीय नेतृत्वसँग प्राय १२ वर्षदेखि चलिरहेको वार्ता प्रक्रियाले हाल नयाँ मोड लिएको छ। मुख्यमन्त्री डा. हिमन्त विश्व शर्माले दिल्लीमा ३१ डिसम्बरको दिन आल्फा वार्तापन्थी गुटसँग मिलेर एइटा समाधान सुत्र निकाल्ने प्रयास गरेका छन। तर परेश बरुवा बिना आल्फासँग भएको शान्ति वार्तले राज्यमा कतिसम्म स्थायी शान्ति ल्याउन सक्दछ त्यो एक प्रश्न बनेको छ। परेश बरुवासँग औपचारिक वार्ता बिना आल्फा(स्वा)मा एकांश युवक-युवतीको गमन प्रक्रिया स्वाभाविक चलिरहने छ। ९० दशकको युवक-युवतीहरूको आवेग-अनुभूति संगठनप्रति अहिले पनि हराईसकेको छैन। तर सामान्य मात्रामा योगदान प्रक्रिया चलिरहेकोले भविष्यमा कुन रूप लिन सक्दछ भन्न सकिदैन। परेश बरुवालाई पनि साथमा लिएर सरकारले वार्ता गर्नु पर्दा गहन रूपले विचार गर्नु पर्दछ। आल्फाको विरूद्ध असमव्यापी सामरिक अभियान चलिरहेको बेला बरुवापन्थीलाई ल्याउन सजिलो पर्ने छैन।

# भारतीय संसदमा विपक्षी दलको भूमिका

भारतीय संसद भारतीयहरूको प्राण हो, अस्मिता हो, गौरव हो अनि पवित्र मन्दिर हो। प्राय: दुई सय वर्षको बृटिश विरुद्ध गरेको सहस्र जनगणले भारतका स्वतन्त्रताको लागि गरेको त्याग र वलिदानको फलस्वरूप भारतवर्ष स्वतन्त्र भयो र आफ्नो सरकार गठन गऱ्यो। भारतीय संविधान संरचना गरेर गणतान्त्रिक व्यवस्था अपनाएर जनप्रतिनिधिद्वारा देश शासन गर्न दुइटा सदनको व्यवस्था गरी राज्यहरूको प्रतिनिधित्वका लागि राज्यसभा र जनगणको प्रतिनिधित्वका लागि लोकसभा गठन भयो।भारतको बदलिदो परिस्थितिमा संविधान संशोधन गर्ने व्यवस्था भारतीय संविधान निर्माताहरूले गरे उपरांत विभिन्न समयमा संसदमा संविधानलाई संशोधन गरी वर्तमान परिप्रेक्षमा मिल्दाजुल्दा विषयहरू गाभेको देखिन्छ। हामीलाई थाहै छ भारतीय संसदको मुख्य काम नै हो ऐन प्रणयन। त्यस उद्देश्यले विभिन्न समयमा दुबै सदनका सत्र (वैठक) हुने गर्छन् र सांसदहरूले आआफ्ना क्षेत्रका (समष्टि) समस्या बारे वक्तव्य राख्दै समाधानका लागि व्यवस्था गर्न सरकार समक्ष प्रश्न उपस्थापन गर्छन।

भारतीय संसदमा विभिन्न राजनैतिक दलहरूबाट प्रतिनिधि चुनिएर आउने गर्छन। जुन राजनैतिक दलले लोकसभामा मोठ आसन संख्याको आधा भन्दा धेरै आसन प्राप्त गर्छ त्यसैले केन्द्रमा सरकार गठन गर्छ। तर गत अस्सीको दशक देखि एक दलको बर्चस्व समाप्त हुँदै गयो र संयुक्त (गठबन्धन) सरकार व्यवस्था प्रचलित हुन थाल्यो र मनमिल्दा राजनैतिक दलहरू मिलेर ''साझा न्युनतम योजना'' (Common minimum program) का आधारमा सरकार परिचालित हुन थाले। तर यो व्यवस्थामा सरकार परिचालित गर्न त्यति सजिलो हुँदैन। सरकारमा सहभागी भएका सबै राजनैतिक दलहरूका राजनैतिक आदर्श र उद्देश्य एकै हुँदैनन। त्यसैले एउटा गठबन्धन सरकार परिचालित गर्न धेरै सुझबुझको आवश्यकता हुन्छ। उपरान्त, सरकारलाई नेतृत्व दिने प्रधान मन्त्री माथि पनि एउटा सरकारको स्थायित्व निर्भर गर्छ।

गणतान्त्रिक व्यवस्थामा विपक्षी दलहरूको पनि उत्तिकै भूमिका हुन्छ। विपक्षी दलहरूको संसदमा तिनीहरूले गरेको व्यवहारले राष्ट्र निर्माणमा सरकार पक्षमा रहेका प्रतिनिधिका झैं उत्तिकै महत्व हुन्छ।सरकारी पक्षका मन्त्री विधायकहरूले संसदमा आफ्नो दलको नीति मुताबिक ती विषयहरूका कार्यान्वयनका लागि प्रयास गर्छन् र ती नीतिहरू माथि विपक्षी दलहरू जनविरोधी भएमा विरोध प्रदर्शन गर्छन। गणतान्त्रिक परम्परामा सरकार र विपक्षी दलहरूमा सन्तुलन हुनु पर्दछ र विपक्षमा रहेका राजनैतिक दलहरूले भरसक सरकार पक्षका गलतनीतिहरूको ध्यानार्कषण, जनताका अधिकारहरूको सुरक्षाका साथै सकारात्मक समालोचना गरे गणतान्त्रिक व्यवस्था सफल हुन्छ।

तर वर्त्तमान भारतीय संसदका सत्रहरूमा विपक्षी दलहरूको आचरणले धेरै नकारात्मक प्रभाव परेका छन् जसले सदनको स्वाभाविक कामकाजहरू परिचालित गर्न वाधित भएको देखिन्छ। यस्तो अवस्थामा दुबै सदनमा देशको प्रगतिको लागि आवश्यक विधिहरू पारित गर्न सरकार पक्षलाई निकैनै गाह्रो परेको छ। हिजोआज विपक्षी दलहरूको मानसिकता निकैनै साँगुरिएको जस्तो भान हुन्छ। सरकारी पक्षका हरेक कुराहरू, विधानहरू नै विपक्षी दलहरूलाई पच्तैन। सरकारी पक्षले सदनमा उपस्थापन गरेका प्रत्येक विधेयकहरूको विरोध गर्नु नै वर्तमान समयमा विपक्षी दलहरूको लक्षण भैसकेको छ। जतिसुकै जनकल्याणकारी विषयमा संसदमा उपस्थापन गरेका विधेयकहरू विपक्षी दलहरूले सधैं विरोध गरिनैरहेका छन। त्यसो हुँदा विपक्षमा रहेका सबै राजनैतिक दलहरूका नजरमा सरकारी सबै विधेयकहरू नै जनविरोधी हुन। तर अहिलेका जनता 1947-48 का जनता होइनन। शिक्षा दीक्षामा पनि धेरै अघिबढि सकेका छन। देश स्वतन्त्रताको पचहत्तर वर्ष अतिक्रम गरेर अमृत महोत्सव पनि मनाइसकेका छन। राजनैतिक विषयहरूमा धेरै रुचि राख्न सक्ने भैसकेका छन। भनौं, भारतीय मतदातामा राजनैतिक विषयहरूमा धेरै सचेतना आइसकेको छ। देशको राम्रो नराम्रो छुट्याउन सक्ने अनुभव भैसकेको छ। त्यसैले अब उसो जनता जनार्दनलाई कसैको चतुर्याई भाषणले अल्मलमा पार्न सक्तैन।



वर्तमान युग विज्ञान र तकनीकी युग हो।हिजोआज संचार माध्यम सबै माध्यमहरू भन्दा धेरै नै दरिलो भएको छ। एक्काईसौं शदीको प्रारम्भ देखि नै हाम्रो संसदको कामकाजहरू दुरदर्शन द्वारा प्रचारित भै आएको छ र देशका जनताले सदनका छलफल, कार्यक्रम आदि सोझै हेर्न पाउँछन। त्यसो हुँदा सदनमा कस्ले कस्तो बोल्दैछ, कस्तो आचरण गर्दै छ, यी सबै कुराहरू राम्रोसँग हेर्न पाउछन् र ती सांसद प्रति उनको छाप स्पष्ट रूपमा जान्ने अवसर प्राप्त गर्छन। त्यसैले कोही पनि सदस्य जनताको नजरबाट उसको आचरण र वक्तव्य देखि अदृश्य हुन सक्तैन। सदनको क्रियाकलापमा कस्ले कस्तो सहभागिता र आचरण गर्छन् त्यस्तै ती सांसदको बारेमा मतदाता स्पष्ट रूपमा निर्कोल गर्न सक्नेछन।

भारतीय संसदमा पालन गर्नु पर्ने अनुशासन, शिष्टता र गरिमापूर्ण गहिरो आधारलाई औंल्याउँदै महात्मा गान्धीले भनेका थिए -'Indisciline is a form of violence'. अनुशासनहीनता एक प्रकारको हिंसा नै हो।संसदको कुनै सदनको कामकाजलाई बाधित पार्ने कुनै पनि कुरो अथवा सदनको कोही पनि अफसरलाई उसले निभाएको दायित्वमा दखल दिनु अथवा वाधा दिन प्रयास गर्नु नै संसदको अवमानना मानिन्छ। त्यस उसले विगत दिनहरूमा विपक्षी दलहरूले सदनको कामकाजहरूलाई बाधित पार्न गरेको प्रयासलाई संसदको अवमानना हो र यस्तो परिस्थितिमा सदनमा भारतीय आचारसंहिता 374 बमोजिम लोकसभाका अध्यक्षले र 255 बमोजिम राज्य सभा सदस्यलाई सभापतिले सदनका बाकी रहेका दिनहरूका लागि सदनबाट निलम्बित गर्न सक्ने छन् र गरेका छन।

गत 13 दिसम्बर, 2023 का दिन लोकसभामा दुइजना दुष्कृतिकारीको प्रवेश र धुवाँ स्प्रे गरे पश्चात भएको सुरक्षामा विसंगतिको कारण भएको काङ्ग्रेस लगायत विपक्षी दलहरूको हंगामा पछिदेखि संसदको शीतकालिन सत्रको कामकुरो ठप्प भएको थियो र केन्द्रीय गृह मन्त्री अमित शाहबाट बयान दावी गर्दै संसदको कारवाही बाधित गरेका थिए। काङ्ग्रेसका नेता राहुल गान्धीले यो घटना केवल देशमा बडदै गरेको वेरोजगार र मूल्य बृद्धि विरूद्ध युवाहरूको असष्तुष्टि भनेर आरोप लगाएका थिए। तर काङ्ग्रेसका एकजना माथिल्लो तहका नेताको यस्तो एउटा दायित्वहीन बयान जनताले ग्रहण गर्छन् जस्तो लाग्दैन।भारतीय संविधानले कुनै पनि अन्याय भएको क्षेत्रमा नागरिकहरूलाई विरोध गर्ने अधिकार प्रदान गरेको छ तर विरोधको भाषा र तरिका गणतान्त्रिक हुनु आवश्यक छ। देशको सर्वोच्च विधि प्रणयन संस्थाले कदापि सदन चलिरहेको बेला यस्तो अगणतान्त्रिक बाटो अपनाएर विरोध प्रदर्शन गर्ने स्थलको रूपमा संसदको व्यवहार गर्न अनुमति दिनेछैन।

दुष्कृतिकारीहरू द्वारा संसद परिसरमा भएको सांसदहरूको असुरक्षाको प्रसंगलाई लिएर विपक्षी दलहरूले सदनको कामकाज सुचारु रूपले चल्न नदिएको र अध्यक्षका आसनका सम्मुखमा गएर इन्डि एलाएन्सले (INDI-Alliance) गरेको प्रतिवादी कार्यहरूको फलस्वरूप विपक्षी दलहरूका 146 जना, लोकसभा (100) र राज्यसभा (46) सांसदलाई संसदको सत्रको रहल अवधि सम्म लोकसभा अध्यक्ष र राज्यसभाका सभापतिले निलम्बित गरेका थिए। निलम्बित सदस्यहरूमा काङ्ग्रेसका अधीर रञ्जन चौधरी, गौरव गगै, अमर सिं, राजा मोहन उन्नीथन, सु. तिरुनाभुकारासर, के.मुरलीधरण आदि र तृणमूल काङ्ग्रेसका कल्याण बेनर्जी, अपरुपा पोद्दार, प्रसुन बेनर्जी,सौगात राय, शताब्दी राय,प्रतिमा मण्डल आदि। यसैबीच निलम्बित पश्चिम बङ्गालका तृणमूल काङ्ग्रेसका सांसद कल्याण बेनर्जीले राज्यसभाको सभापति तथा उपराष्ट्रपति जगदीप धनखडको नकल गर्दै संसद परिसर बाहिर खिसी गरेको अभिनय र त्यो दृश्य हेरी रहेका काङ्ग्रेस नेता राहुल गान्धीले आफ्नो मोबाइल गोजीबाट निकालेर भिडियो गरेको देखेर भारत भरिका जनगण नै दंग परेका छन। साथै विपक्षी दलहरूका उपस्थित सांसदहरूले पनि त्यो दृष्यावलोकन गरी खुशी मनाइरहेका थिए। विपक्षी दलका सांसदहरूको यस्तो नीच मानसिकताले तिनीहरूको सोचको गहिराई कति र कस्तो रहेछ त्यो छर्लङ्ग हुन्छ। यस्ता राजनैतिक दलहरूबाट भविष्यमा हामीले के आशा गर्न सक्छौं। आउँदा दिनहरूमा भारतका नागरिक तथा मतदाताहरूले यस्ता मानसिकता भएका राजनैतिक दलका नेता तथा उम्मेदवारहरूलाई संसद जस्तो पवित्र मन्दिरमा प्रवेश गर्ने मौका कदापि प्रदान गर्नु उचित हुँदैन।

विपक्षी दलहरूको भारतीय राष्टिय प्रगतिशील गठबन्धन (Indian National Developmental Inclusive Alliance) ले संसदका दुवै सदनबाट अनुशासन भङ्गको नाउँमा यत्रो वृहत् संङ्ख्यामा सदस्यहरूको निलम्बनले भारतीय लोकतान्त्रिक व्यवस्था प्रति भारतीय जनता दलले ठूलो आघात गरेको आरोप लगाउँदै लोकतान्त्रिक व्यवस्थाको रक्षाको निम्ति गत 22 दिसम्बर, 2023 मा दिल्लीको जन्तर मन्तरमा अवस्थान धर्मघट पालन गरेका थिए। धर्ना कार्यसुचीमा इन्डि गठबन्धनका प्रमुख तथा काङ्ग्रेसका सभापति मल्लिकार्जुन खड्गे, काङ्ग्रेस नेता राहुल गान्धी लगायत डि.एम.के., एन. सि.पि., समाजवादी पार्टी, नेसनल कनफारेन्स, तृणमूल काङ्ग्रेस, झारखंड मुक्ति मोर्चा, राष्ट्रिय जनता दलका सदस्यहरूको उपस्थितिमा ''लोकतन्त्र रक्षा गरौं'' (Save Democracy) नारा लगाएका थिए।तर मनन गर्नु पर्ने कुरो के हो भने जुन राजनैतिक दलहरूको सदनका सत्रहरूमा गणतान्त्रिक रूपमा छलफल, प्रश्नोत्तर कालमा सहभागी भएर अंशग्रहण गर्ने ध्येर्य छैन, सरकारी पक्षबाट दिएका प्रश्नहरूका जवाफ सुन्ने अवकाश हुँदैन, सरकारी पक्षमा रहेको एकल दल अथवा गठबन्धन सरकारले जतिसुकै राम्रो जनकल्याणकारी काम गर्न योजना बनाए पनि सधैं समालोचना नै गर्छ भने त्यस्ता विपक्षी दलहरू बाट हामीले के आशा गर्न सक्छौं त्यही अहिलेको परिप्रेक्षमा विचारणीय विषय भएर रहेको छ।



**ड. जगन्नाथ उपाध्याय**
**मध्यछत्रङ, गहपुर**

# एक अक्लान्त स्त्रष्टा : युद्धवीर राणा


**- देवीचरण सेडाई, डिगबोई**

साहित्यले समाजको प्रतिविम्बलाई छर्लङ्ग पार्ने भएकाले साहित्यलाई समाजको दर्पण भनिन्छ। समाजको परिवर्तन हुना साथा साथै साहित्यको ढाँचामा पनि परिवर्तन देखापर्छ। त्यही परिवर्तन हुनेक्रमले साहित्यलाई विभिन्न रूपमा देखाएको स्पष्ट हुन्छ। साहित्य लेखन क्रममा आएको साहित्यको सबैभंन्दा जेठो विधा भनेर कवितालाई मानिन्छ। कल्पना शक्तिद्वारा विभिन्न कुरालाई काव्यिक रूपमा देखाउन सक्ने स्त्रष्टा नै कवि हो। कल्पनाको उडानमा कविमनले भेटेका कुरा नै कविताका विषय हुन। कविता, कथा, आख्यान, नाटक, निबन्ध, आदि साहित्यका विविध विधामा आफूलाई समर्पण गरेर सृजना गर्नसक्ने लेखक नै उत्कृष्ठ साहित्य स्त्रष्टा हुन्छ। त्यस्तै उत्कृष्ठ स्त्रष्टाका रूपमा देखापरेका साहित्यकार हुन युद्धवीर राणा। उनको परिचयलाई तल प्रस्तुत गरेर देखाउने प्रयास गरेको छु।

नाम : युद्धवीर राणा
बावु : स्वर्गीय लालसिंह राणा
आमा : स्वर्गीया वाणीराणा जन्म : सन 1939 को एघार डिसेम्बर( प्रमाण पत्र अनुसार सन 1941 को सत्र नवेम्बर)।
जन्मस्थान : डिगबोइ(असम)।
शिक्षा : बी.ए.सम्म। (हिन्दीमा विशारद)
पेशा : शिक्षकता। (सन1963 देखि सन 1999 सम्म)
रुचि : काष्ठकला।
प्रकाशित कृतिहरु :
1. चिहान नपाएका तक्माहरू (लामो कविता,सन 1982)
2. मानव यात्रा (जाति,धर्म र परम्परा : एक पर्यवेक्षण, सन 2003)
3.नेपाली संस्कृति : हाम्रो अस्तित्व (नेपाली सांस्कृतिक परिचय, सन 2006)
4. नयाँ पिँढीलाई (असमिया भाषाबाट नेपाली भाषामा अनुवाद, सन 2007)
(मूल लेखक - कनक सेन डेका, कृति- नतुन पुरुखे युक्तिर आधारत नतुन समाज गढक)।
5. सृष्टि र प्रव्रजन (ऐतिहासिक तथ्यहरूको सङ्ग्रह, सन 2017)
6. नेपाली लोक साहित्य र लोकसंस्कृतिको परिचय (सन 2020)

<u>**अप्रकाशित :**</u>
1.नेपाली माध्यमिक शब्दकोश
2.डिगबोइको जन्म र यहाँको नेपाली समाज (इतिहास)

3 . B तेल कम्पनीको नेपाली एम.ई.स्कूलबाट युद्धवीर राणाको शिक्षा आरम्भ भएको थियो। सन 1956 मा नेपाली एम.ई.स्कूलबाट कक्षा छ उत्तीर्ण भएपछि कक्षा सातकालागि तेल कम्पनीको हिन्दी हाईस्कूलमा अध्ययन गरी सन 1961 मा एइच.एल.सी. उत्तीर्ण भएका हुन, त्यस समयमा उच्चशिक्षाको कुनै व्यवस्था हुन नसकेकाले उनको पढाइ रोकिन पुग्यो। अर्को वर्ष सन 1962 मा डिगबोइमा स्थापना भएको D.D.C.C.W.अर्थात Digboi District Council for Child Welfare मा वैतनिक खेल प्रशिक्षक (Game Teacher)रहेर 5/6 वर्ष कटाउँछन। यसैबीच सन 1962 मा डिगबोइमा पूर्वाञ्चल विद्यालयको स्थापना भएको थियो। त्यो स्कूल स्थापनामा उनको पनि विशेष सहभागिता रहेको हुनाले माषिक 40/=रू. तलवको दरले सन 1963 देखि शिक्षकता आरम्भ गरेका हुन। पछि सन 1978 मा उनले हिन्दीमा विशारद गरेर आफ्नो चित्त बुझाउनु पर्यो।



उनको जागीरे जीवनको आरम्भ सन 1963 देखि भएको हो र यो सन 1999 मा सकिन्छ। यस अवधि भित्र उनलाई अन्यत्र धेरै ठाउँबाट जागीरको लागि बोलाइएको भए तापनि कतै गएनन्। आफ्नै प्रयासमा बनाइएको स्कूललाई दह्रिलो बनाउने तर्फ लागेर नै 37वर्ष जागीरगरि अवकाश हुन्छन्। त्यहाँका विद्यार्थीहरूलाई गीत रच्न, गाउन लगाउनु, नृत्य सिकाउनु,नाटक लेख्न सिकाउनु, अभिनय गर्न सिकाउनु, आदि काममा संलग्न रहेर स साना बालक बालिकालाई सांस्कृतिक दिशातिर उन्मुख गराउनु उनको लक्ष्य रहेको कुराले उनलाई नेपाली जाति, भाषा र संस्कृतिका साधकका रूपमा चिनिन्छ। उनी एकजना राम्रा खेलाडी पनि हुन्। **क्रमशः...**

# जिसस क्राइस्टको जन्मोत्सव, प्रतिबन्ध र सान्ता क्लजको मिथक

इजरायलको जेरुसेलम सहर नजिकै बेथलहेम भन्ने स्थानमा जिसस क्राइस्ट ख्रिस्टको जन्म भएको बाइबलमा उल्लेख गरिएको छ। तर पनि येसु ख्रिस्टको जन्ममिति बारेमा बाइबल नै मौन रहेको छ। जन्ममितिको विषयमा न्यु क्याथोलिक इन्साइक्लोपिडियाले इसाइ समुदायभित्र पनि एकमत छैन भनेर प्रस्ट पारिएको छ। ख्रिस्टको जन्म 25 डिसेम्बरको दिन भएको हो भनेर आधिकारिक रूपमा प्रमाणित नभए पनि त्यसको पुष्टि गर्ने प्रशस्त आधार भने पाइन्छ। उहाँको जन्मको स्मरण अधिकांश क्रिस्चियनले संसारभरी यसै दिन गर्ने गरेका छन्।

चौथो शताब्दीको उत्तरार्द्धतिरबाट मात्र भिन्दाभिन्दै मितिमा भए पनि ख्रिस्ट जन्मको स्मरण गर्न चर्चहरूमा क्रिसमस मनाउने प्रचलन सुरु भएको पाइन्छ। चर्चहरूका अनेकौँ प्रयासपछि कालान्तरमा डिसेम्बर महिनाको 25 तारिखलाई ख्रिस्ट जन्मको स्मरण गर्ने औपचारिक मिति कायम गर्ने अधिकांश इसाई समुदाय सहमत हुन पुगेका हुन्। रोम सम्राट् कन्स्टन्टाइनले ख्रिस्टको जन्म दिन मनाउनु पर्छ भनी घोषणा गरेर आफ्ना नागरिकलाई देशव्यापी रूपमा ख्रिस्ट जन्मको उत्सव मनाउन आह्वान गरेका थिए। उनी रोमी सम्राटहरूमध्ये पहिलो क्रिस्चियन सम्राट थिए।

क्रिस्चियन इतिहासमा आधिकारिक रूपमा पहिलो पटक क्रिसमस सन् 336 मा रोममा मनाइएको कुरा उल्लेख छ। क्रिस्चियन इतिहासकार सेक्टस जुलियस अफ्रिकानसले सन् 321 मा सर्वप्रथम डिसेम्बर 25 को दिन ख्रिस्टको जन्मदिनका हो भनेर परिचित गराउन भरपर्दो तथ्य र त्यसका आधार प्रस्तुत गरेका थिए।

आजका क्रिस्चियन देश भनेर चिनिएका बेलायत र अमेरिका जस्ता देशले विगतमा कानुन बनाएर क्रिसमस मनाउन प्रतिबन्ध लगाएको इतिहास छ। सन् 1647 मा बेलायतको संसद्ले एउटा कानुन पारित गरेर क्रिसमसलाई अवैध घोषणा गरेको थियो भने सन् 1652 मा यसमाथि पूर्णतया प्रतिबन्ध नै लगायो। इतिहासकार पेनी एल. रिस्टाडका अनुसार क्रिसमसका दिन चर्चलाई सजाएको खण्डमा जरिवाना र जेल सजाय हुन्थ्यो। उता अमेरिकाको म्यासाचुसेट्स बे कोलनीमाडमा पनि सन् 1659 देखि 1691 सम्म क्रिसमस मनाउन नपाउने कानुन पारित गरेर प्रतिबन्ध लगाइएको थियो। अङ्ग्रेजी भाषामा क्रिसमसलाई एक्समास भनेर सङ्क्षिप्त शब्दमा पनि लेखिने गरेको छ। जुन छापा माध्यममा बढी प्रयोग भइरहेको छ।



येसु ख्रिस्टको जन्मको स्मरणमा गाइने भजनमध्ये विश्वमै सर्वाधिक रूपमा गाइने गीत 'शान्तमय रात' हो। सन् 1818 मा अस्ट्रियन पादरी जोसेफ मोरले यस भजनको रचना गरेका थिए। ग्रिक भाषाको क्यारुल्स शब्द ल्याटिन र फ्रेन्च हुँदै त्यही शब्द अंग्रेजीमा आइपुग्दा क्यरोल हुन आइपुगेको हो। क्यारोल शब्दको अर्थ क्रिसमससँग सम्बन्धित अर्थात येसु ख्रिस्टको जन्मसँग सम्बन्धित भजनहरू भन्ने बुझिन्छ। जसको वास्तविक अर्थ धेरै मानिस वरिपरि गोलाकार भएर नाच्नु र ख्रिस्टको जन्मको बारेमा भजन गाउनु हुन्छ।

टर्कीका विसप सन्त निकोलसले गाउँसहरका दु:खी, गरिब र अनाथ केटाकेटीका लागि उपहार *रहल ४ मा*

# गोर्खासमुदायमा लोकगीत-नृत्यको परम्परा : एक झलक



**कथाकार : रिजु देवी**
**ढेकियाजुली,**
**शोणितपुर, असम।**

**मारूनी नाच :** मारूनी असलमा पुरूषले नारीको वेश धारण गरेर तिहार उत्सवमा नाच्ने गर्छन। यस लोकनृत्यमा मूल मादलेले धुप-दीप बालेर, देवी-देउतालाई आह्वान गरे पछि मारूनी सिँगार्ने कामको प्रारम्भ हुन्छ। गाई तिहारदेखि एघार दिनसम्म मारूनी र मादलेले एउटै वेशभूषा लगाएर मान्छेका घर घर गएर यो नृत्य प्रदर्शन गर्दछन। धार्मिक परम्परा अनुसार मारूनीलाई पार्वती र मादलेलाई शिवको प्रतिरूप भनेर ठानिन्छ।

गोर्खा समाजमा मारूनी नृत्यको विशेष महत्व रहेको छ। समला, विरहनी, विवाह, ख्याली, छोकडा, गर्रा, कुसुले, लहरे टप्पा आदि मारूनीका मुख्य अङ्गहरू हुन र यी सबै भिन्न भिन्न समयमा गाएको देखिन्छ। यस गीतका शब्दावली र प्रदर्शनबाट गोर्खा जातिका वेशभूषा, खानपान, रहनसहन, रीतिथिति, पूजाआजा आदि बारे सबैकुरा छर्लङ्ग हुन्छन। शास्त्रीय कला माथि आधारित मारूनी गीतको छुट्टै रागताल हुन्छ। ख्याली, विरहनी, टप्पामा रामायण, महाभारतको गाथाहरू पाउने साथै विभासमा भजन-कीर्तनको मधुर ध्वनि गुन्जिएको पाइन्छ। विरहनीको व्यथारूपी धुनसँगै मारूनीको शशी गाउने क्रम शुरू हुन्छ र मारूनीलाई सिँगार्ने र उतार्ने काम विधिपूर्वक गरिन्छ। मारूनी सजाउँदा ''स्वायो स्वायो'' भन्दै गाइन्छ भने मारूनी उतार्दा ''स्वाएन स्वाएन'' भनेर गाइन्छ। मारूनी नृत्य गोर्खा समुदायका सबैले नाचेता पनि हातको मुद्राबाट र नाचको प्रस्तुतिबाट उनीहरूको उपजाति बारे थाहा लाग्दछ।

**सिली नृत्य :** राईहरूको एउटा विशेष नृत्य हो सिली। उनीहरूले गीतलाई ''छाम'' भन्दछन। उनीहरूका दुई प्रकारका नृत्य हुन्छन-सिली र लाक। शास्त्रीय लयमा आधारित सिलीमा आध्यात्मिक भावनाको सुगन्ध पाइन्छ। यहाँ शब्दको कुनै समाहार हुँदैन, केवल धुन हुन्छ। सिलीमा बाह्र जनाले नाच्ने गर्छन्। सिली विभिन्न शैलीको हुन्छ। जस्तै हिम्पा सिली, ढोक्पा सिली, साक्मा सिली, खोम्मा सिली, भुन्मा सिली, बुत्मा सिली, सेवान्ने सिली, तावा सिली, खसा सिली, वापा सिली, नारोक्का सिली (अरू पनि धेरै छन) ईत्यादि। तर, सिक्किममा बसोबास गर्ने राई समुदायहरूले ''चासुम'' सिली अधिक मात्रामा नाच्ने गरेको थाहा लाग्दछ। ''चासुम''को अर्थ हो धान, मकै र कोदो। सिली नाच्दा नाइकेले हातमा चमर अर्थात् चौरी गाइको पुच्छर र कटारी लिएका हुन्छन। अर्को कुरा धान, मकै र कोदो राई समुदायको कुनैपनि अनुष्ठानमा अनिवार्य हुन्छ।

**लाक :** लाक राई समुदायको अन्य एउटा मनोरञ्जनधर्मी नृत्य हो। लाकमा प्रेम-प्रीतिका मीठा अभिव्यक्तिहरू पाइन्छन। सिलीमा केवल वाद्यहरू मात्र भए जस्तो यहाँ हुँदैन। लाकमा शब्द, गीत-वाद्य सबैको समाहार हुन्छ। यो नृत्य स्त्री-पुरूष दुवै मिलेर नाच्दछन। साकेवा पर्वको चण्डी पूजामा सिली अनि पूजा समाप्त भए पछि मनोरञ्जनका निम्ति लाक नाचेर रमाइलो गर्दछन।

**महाकाली नाच :** महाकाली नाच हिन्दू आध्यात्मिक दर्शन माथि आधारित छ। यो नेवारहरूको खुबै लोकप्रिय मुखुन्डो नाच हो। यहाँ महाकाली महालक्ष्मीको कथा पाइन्छ। यस नृत्यको एउटा अलग्गै मान्यता छ। त्यो के हो भने महाकाली महालक्ष्मी र कुमारीले राक्षसहरूलाई युद्धमा परास्त गरि मानवको उद्धार गर्नुका साथै पृथ्वीमा शान्ति कायम गरेका थिए। यो नृत्य असत्य माथि सत्यको विजय हो। त्यसर्थ नेवारहरूले देवीका वेशभूषा आदि परिधान गरेर यो नाच नाचेको देखिन्छ। यो नाच सितम्बरको अन्त अथवा अक्टोबरको आरम्भमा इन्द्रजात्रा पर्वमा गरेको देखिन्छ।

**भैरव नृत्य :** नेवार समुदायको अर्को एउटा नृत्य हो भैरव नृत्य। यहाँ पनि भैरवको मुखुन्डो लगाएर नाचिन्छ। भैरव नृत्य तीन परिकारका हुन्छन। जस्तै-श्वेत भैरव, नील भैरव र भैरव काली नाच। महाकाली नृत्यको अन्तमा श्वेत भैरव नाचिन्छ। नील भैरव इन्द्रजात्रा पर्वमा नाचिन्छ। यो एउटा स्वतन्त्र नाच हो। भैरव काली नृत्यमा कामसुत्रको आसक्ति रूपको देखिन्छ। भनाई अनुसार यो नृत्यमा तान्त्रिक देव भैरव र कालीका चौरासीवटा शारीरिक मुद्रा देखाइन्छ। प्राप्त तत्थानुसार सिक्किममा पहिलो पटक दक्षिण जिल्लाको नामथाडमा भैरव नृत्य प्रस्तुत गरिएको थियो। सम्भवत: तीस-चालिसको दशकमा तत्कालीन रायसाहेब बाबुराम प्रधानको पहलमा नेपालबाट आएका कलाकारहरूले यो नृत्य प्रदर्शन गरेका थिए।

**खैँजडी भजन :** खैँजडी गोर्खाहरूको एकप्रकार वाद्य हो। यही वाद्यसँग गाउने भजन नै हो खैँजडी भजन अर्थात माङ्गलिक गीत। खैँजडी भजन विशेष गरि धार्मिक र सामाजिक अनुष्ठानहरूमा गाइन्छ। यस किसिमको भजनमा रामायण महाभारतको गाथाहरू लयवद्ध तरिकाले गाएको देखिन्छ। बीच बीचमा हरि हरि र नारायण ध्वनि पनि सुनिन्छ। एकजना भट्याउने र वाकी ''हो की हैन'' भन्दा ''हो हो'' भन्ने सहयोगी सहयोगी कण्ठहरू हुन्छन। यो मुख्यत: रूपमा बिहेबटुल, पूजाआजा र देउसी खेल्दा खैँजडी, कठताल, मजुरा जस्ता वाद्यहरू बजाएर सामुहिक रूपमा नाच्न-गाउन गर्छन।

**दमके नृत्य :** दमके नृत्य वैशाख-जेठ महिनामा नाच्दछन। यो नृत्य खासगरी मकै गोडदा, बारीको जंगल सफा गर्दा कोदालो लिएर पुरूष-महिलाहरूले दल बाँधेर मादल-बाँसुरीका साथ नाच्ने-गाउने गीत-नृत्य हो। यस नृत्यमा कोदालो साटासाट गर्नुका साथै कामको मेलो पनि छिटो सर्छ र थकाई अनुभव हुँदैन।

**नौमती :** नौमती बाजा गोर्खाहरूको अमुल्य सम्पद हो। नौमती बाजा नभए विवाह अथवा कुनैपनि अनुष्ठान असफल हुन्छ। न्वारान, ब्रतबन्ध, बिहेबटुल, पूजाआजा, धान-रोपाइ, चाडपर्व आदि जस्ता शुभ अवसरहरूमा नौमती घन्किने गर्छ। गोर्खा समाजमा जन्मेदेखि मृत्युसम्म नौमतीको प्रयोग गरिन्छ। मान्यतानुसार पञ्चेबाजा (सहनाई, ढोलकी, झ्याली, दमाहा, ट्याम्को) को बृहत् रूप नै हो नौमती बाजा। नौमती बाजामा नौवटा बाजा हुन्छन। अर्थात् पञ्चेबाजाका पाँचवटा वाद्यका साथ चारवटा वाद्य जस्तै भाले-पोथी गरि नरसिंह दुईवटा, कर्णाल र दमाहा।

वाद्यहरू पाँचवटा धातुले निर्मित हुन्छन। त्यसर्थ यी पञ्च धातुलाई गणेश, विष्णु, शिव, देवी र सूर्यको प्रतिरूप भनेर ठानिन्छ। ईतिहासकाको भनाई अनुसार सहनाईको जन्म पर्सियन युगमा भएको हो र सहनाईबाट छत्तीस भन्दा धेरै राग बजाउन सकिन्छ।

**खाँडो जगाउने गीत :** खाँडो जगाउने गीत बिहेमा गाउने गीत हो। खाँडो भनेको खुकुरी, खड्ग, तलवार, ढाल, खुँडा भनेर बुझिएता पनि बिहेमा चाँहि खुकुरी नै व्यवहार गरेको पाइन्छ। खुकुरी बेहुलापक्षबाट ल्याएको हुनुपर्छ। बेहुलाले बेहुलीलाई सिन्दुर-पोते लगाई दिए पछि बेहुलापक्षका कुनै एकजनाले हातमा खाँडो नचाउँदै यो गीत गाउँछन। बेहुलापक्षबाट कोही नभए यो काम बेहुलीपक्षका कसैले गर्न सक्ने छन, तर परिनाममा बेहुलापक्षबाट केही जरिमानाका रूपमा पैसा तिर्नु पर्छ। खाँडो जगाउने अघि विधि पूर्वक बेहुलापक्षबाट बेहुलीको हातमा खुकुरी/तलवार/खुँडा दिए पछि बेहुलीले बेहुलाको हातमा सुम्पेपछि बेहुलाले फेरि त्यो खाँडो जन्तीमा भएका खाँडो जगाउने व्यक्तिलाई दिए पछि मात्र खाँडो जगाउन शुरू गर्छन। खाँडो जगाउने गीतमा हिन्दी र नेपाली दुवै भाषाको प्रयोग भएको देखिन्छ।

'श्रीश्री तीन प्रतापी महाराजा,
मन्त्रीसरह जङ्ग बहादुर राणा फौज में,
चलि आए भोट के निकट में, चले आए लस्कर जी
धन्ये धन्ये धन्ये।'

बेहुली पक्षबाट एकजनाले--

'एउटा लौकिकको विधि छ, सुन लौ,
खैंचो हतियारले खाँडो जल्दी जगाउनु अब पर्यो।
कुनै सुरवीरले।'

खाँडो जगाए पछि यसरी सिद्धाइन्छ-

'स्वास्ति श्री गिरिराज राज कुलको,
खाँडो जगाइदिए,
ड्याग ड्याग ड्याग गरी, दुश्मनको शिरहरू काटी दिए।'

युग युग देखि गोर्खा समाजमा चलि आएका अन्य लोकगीत जस्तै खाँडो जोगाउने गीत, शिलोक, फागु गीत, च्याब्रुङ जिउँती, ताण्डव नाच, लाखे नाच, चण्डी नाच, टुङ्ना नाच, कौरा, दमाई गीतहरू समयको धारमा बिस्तारै सबै हराउन लागि रहेछन। जातीय कला-कृष्टि हराए जातिको अस्मिता नै हराउँछ। तर हिजाज ठाउँ ठाउँमा यस्ता किसिमका लोकगीत-नृत्यको प्रतियोगिता,कर्मशाला अनुष्ठित गरेर यसको संरक्षण र संबर्धनको काममा शाखा-सङ्गठनहरू अग्रसर भएको देखिन्छ। जसले गर्दा जातीय चेतनाको भाव प्रवल भएको भान हुन्छ।

संग्रह-1.नेपाली संस्कृतिसुधा
प्रकाशक-गोर्खा उन्नयन परिषद, असम
2. असमर गोर्खा -ओम प्रकाश बस्नेत
3. सिक्किममा सङ्गीतभित्रकाहरू-अनिता निरौला

आमै-छ म ल्यॉउदैछु(प्रस्थान)।

धॉमी-ल्यॉउने,ल्याउने छीटो चॉढो ल्याउने (आमै सर समान एँउटा नाङ्लोमा लीएँर प्रवेश)अ राख्ने राख्ने यहॉ राख्ने।अ अ अ अ भैंगयो, ठिक छ अब कुरो के हो भने मलाई देँऊता उठेकावेला म के के बकछु सबै मनमा राख्नुहै, किनभने देँउता उठेका बेलाको कुरा देँउताले छॉडेपछि मलाई त केही थाहा हुन्न।

आमै - हुन्छ हुन्छ।

धामी - (हेनेमेने गर्छ direction- धामी बस्ता के के गर्छन् कसो कसो गर्छन् त्यही त्यही गर्नु अन्तमा) तैले तेरी छोरीलाई मंगलबारको रात्रि कालो बाख्राकोझै दुइटा हात र दुइटा खुट्टा टेकाएर रातभरी चु पनि गर्ननदि कालो बाख्राको साथ बाख्राको खोरमा बस्न दिनु, पछि सबै ठीक हुन्छ। लोत मेरो काम सकियो मा अब गए(देऊता को भनाई) देउताले के के भने सबै थाहा हो लानी।

वाबै - था छ था छ, हिजो आजत धामी बस्ता पनि दशैंमा हुने खर्च जतिनै चाहिँदो रछ।

धामी- त्यसोभए मङ्गलबार कर्म गर्दा राम्रो हो, हा अजपनित मङ्गलबार हैन र, त्यसो हुँदा शुभ कार्यमा विलम्व किन,आजै गर्नु।

वाबै - अब आजै गर्दा सर समान,,,यो रातिउदु।,,,

धामी - हुन्छ त्यो कर्मचै गर्दै गर्नुन अर्थोक म ओहि बट गर्दीहल्चुनी रहेको भोलि घरमा आएर गर्दूला। लौ म गएँ।

वाबै+आमे - लौ हुन्छ (धामी प्रस्थान)

वाबै - अब के गर्नु, छोरी जा गएर यसो एकमुठी अन्न खाएर दरि हो जा।

टुकी - मलाई भोकछैन बाउँ मैले भर्खरै मोकोई र कोदाको रोटी खाएकी। म खान्न तपाईंहरू खानुहोस्।

बाव्वै-ए आईमाई के छोरीत खाए भन्दैछत, साचै खाई।

आमै-खाईरत भन्दैछत,उफि उफि खाएकी, अब यसलाई धामीले भने बमोजिम लगेर खोरमा राख्नु पर्छ।

बाव्वै-त्यो पुरानो कम्बल ओडाई दिनु रात्री जाडो हुन्छ, अब रात्री हुदैगयो कर्म गरू है।

आमै-हुन्छ,ऐ टुकी हीड अब उज्यालो हुन झेल कष्टगर तर मुखबाट चु गरेरपनि शब्द ननिकाल्नु।

ए बुडा जाऊ जाऊ गएर कम्बल लिएर आऊ।

बाव्वै-ल ल

आमै-के गर्छेस छोरी अब तेरो भाग्यैमा यस्तो लेखेको रछ, अब आजको रात कष्ट गर भोलिदेखी त जाती भइहाल्छनी। लौ हीड।

बाव्वै-ई कम्बल ला,(आमैले लिन्छीन) के गर्छेस छोरी तेरी आमालाई डाक्टर भन्दा धामीचाही बडो जान्ने हुन्छ।

आमै-लौ हीड अब।

बाव्वै-हीड हीड अब हामीपनि गएेर सुतौ निद्रात लाग्ने हैन,भोकपनी मरीगयो। दुवै प्रस्थान, गाडेर लुते चोर चालमा प्रबेस)।

लुते-आईज ,पस खोरभित्र र मज्जकोचाही छानेर बटारेर वोस्तामा भरा (गॉडे खोरभित्र पस्छ)

गॉडे-(छामछुम गरेपछि) ऐ लुते भेटे भेटे, मोरा यो त कस्तो हो कस्तो खसी, भुत्लापनि नरम कम्बलका झै रछन। ऐ मोरा कस्तो हो कस्तो खसीनै होत यो?

लुते-हो हो ,मैले सुनीरथ्यै बेलायती खसी यस्तै हुन्छन भनेर।

गॉडे-ओई लुते इसस,,साडेले मुतेछ क्यार, सबै ढडेलनो नै भिजो। यो बस्नेत वुढाले कताबाट यस्तो वेलायती माल फेला पारेछ ह लुते, ईसस, फेरी मुतो पडकेले,

लुते- ईसस,,, पडके ई खसी वाख्राका जात पनिनी बोस्तामा हालीसक्ता छाडा भै हाल्छन।

टुकी-म खसी हैन

लुते-चुप! हॅ, ए गॉडे कुरो क्याहो!

## सतचूर्ण

गॉडे-लुतेओ ,ए मोरा यस्कोत पुच्छर पनि भेट्दैन त

लुते-हुदैन बेलायती माल त्यसतै हुन्छन, पुच्छर सुच्छर पछी छामनु।

उज्यालो भै सक्यो मुन्टोचाही वटारेर वोरामा हाल।

गॉडे- ए मरा मुन्टोपनि कस्तो हो कस्तो न सिंङ छन न लामा लामा कान, ओई जख्खड रैछ, दुईहात लामा लामा दाढी रछन, जख्खड रैछ मरा

लुते- वटारन पहिला, हाल हाल यो वोस्तामा, अ हाल (वोस्तामा हालछन गॉडेले पिट्योमा वोकछ, दुवै जादैछन)

टुकी-होईन म खसी हुईन म मान्छे हु।

लुते- हॅ, भाग गॉडे भाग बोस्ता छाड भाग भाग

गॉडे-ओई लुते पर्खी पर्खी अईया म लडे पर्खी पर्खी (बोस्ता फ्याकेर प्रस्थान, टुकी पनि प्रस्थान)

(आम्मै बाव्वैको प्रबेस)

बाबै - जा जा गएेर छोरीलाइ लिएर आइज।

आमै - छोरी ए छोरी, हैन चालचुल केहि पनि छैन त, होइन खोरको फरिको पनि खोलेको छ त। छोरी दुकी ए टुकी, कान्छि ए कान्छी।

वावै - ह के मन्छे, लौ कँहा गैत, पारीनर यसले विजोक अव... (धामीको प्रवेश साथमा ढुकी, दुकी को मुण्टो वटारीएको छ)।

धामी - दाइ हो कुरोत हुन सम्म भएछनि सतपुर्ण भएछ।

बावै - ह धामी! छोरी पनि

आमै -होइन छोरी किन उता बटारिएकी ऐता हेर्न।

बाब्बै- अनि यो सब के हो?

घामी- इ सबै पछि थाहा पाउनु हुनेछ, पहिला छोरीलाइ डाक्टरका लाने चाल गर्नु होस, रात्रि चोरले खसि भनेर छोरीको मुन्टो बटारेर छाडेछ। पछि मान्छे भन्ने थाहा पाएर भागेछन। विहान झिसमीसै जङ्घल जाँदा खरेनिबारीमा इनलाई रोइ रहेको भेटे।

आमै - खोइ छोरी मुनटो (तान्न खोजछिन, दुकी रुन्छे) अनि धामी ले यस्लाइ ठिक पार्न सकिदैन?

धामी - मईले पनि आज देखि यो टदुवारे विद्या छाडिदिए, खुरुक्क छोरी को भलो चाहानु हुन्छ भने डाक्टरका लानुहोस, इ हामी जस्ता धामी धनन्तरीलाइ त तपाइहरू जस्ताले धेरै पत्तो दिएरत विग्रीदैछ, घरमा विरामीभए भने हाम्रो ढीयाङ्को हैन अस्पतालमा गएर डाटर को औसधी लिनुहोस् हिडिनु होस म पनि तपाईहरुसँगै ई नानीलाईलिएर अस्पताल जान्छु ।... के सोचनुभएको कि अझैपनि धामीनै बस्नु पर्दछ कि क्याहो?

बाब्बै - हैन, सोचेको हामी मानिसहरु शिक्षित भएर पनि शिक्षाको



**रचना-श्रीदिलीप आचार्य,**
**गमिरीपाल, शोणितपुर, असम**
**रचनाकाल-2003**

ज्ञानभने हामीमा मझले परेको रहेनछ भन्न जाँदा अल्प विद्या भयाडकरी रूपमा हिडी रहेका रछौं। हाँमी जस्तै मानिसहरू नै त हुन चन्द्रलोकमा मंगलग्रहमा पुगेर घर वनाउने तरखरमा छन, अरु हामी अझेइपोनी बिरामीहुँदा धामी धनन्तरी खोज्छु। आज धामी नभनेर डाक्टरलाइ पत्ताउथिउँ भने आज यो छोरीको मुण्टोत यस्तो हुने थिएन।

आमै - तिमि विधि विधान जाने थीएनऊ भने अधिनै किन भनेनौ?

धामी - आज म सर्मिन्दा छु भाउजु, आफ्नो ज़हान छोरा छोरी को पेट पाल्ने प्रविती मेरो यही नै थियो.. अरु तपाईहरू जस्ताले झन मनोवल वढाइदिनु भै रथिओ।

बाबै - हो भुल हाम्रै हो हामीनै अन्धवीस्वासी हुनाले गर्दा यस्तो हुन गयो, तर के अझैपनि भुल गर्नेत, हे शिक्षित समाज आज हामी यही नाटक सत्तचुर्न मार्फत हजुर हरुलाई आहवान गर्दछौं अन्धविश्वास परित्याग गरु विज्ञान सङ पाइला अघि सारौं।

समाप्त

## 'किन'

तिम्रो मन विचलित हुँदै गएको छ किन ?
तिमी आफैले आफैलाई
गहीरो नजरले हेरत,
तिमीमा के कमी छ र,
घरि घरि तिम्रो अनुहार अंध्यारो देखिन्छ,
बालकपन देखि कहिलेसम्म अरुको निम्ति बाँचेउ
गाँस एक्लै रुचेन भने अरुलाई बाँडि खान्थेउ,
यसबेला किन होला तिमीमा
उदासिनता छाएको,
पानी पर्न आँटेको अनुहारमा
कालोबादल छाएको ?
तिमीमा के को कमी छ -
सुबुद्धि, सुकर्ममा जिन्दगी अघि बढ़ी रहेको छ त।
तिमीले इच्छा गरे
चंद्रमा सम्म पुग्ने हिम्मत छ,
पहाड़को उचाई छुने साहस छ, तर
निरास हुदै गयौ किन ?
इश्वरले दिएको सर्वैसर्व तिमीमा छ।
मौन भई बसेको देखिंछ,
विवेक विचार हराएको जस्तो छ,
किन मन बरालेको आफैले
आफैलाई होच्याएर राखेको किन ?
किन त्यो सुनौलो जीवनलाई
नर्क जस्तै पार्न खोजेको किन किन ?
होस आउ, मान्छे जस्तो बाँच्नु छ
मुर्झाएर बस्छौ किन ?



**- रेणु पाण्डेय ढुङ्गेल**
**कार्बि आङलङ**

## भारत जोडो यात्रापछि न्याय यात्रामा..

***१ को रहल*** युवा, महिलादेखि सबै वर्ग र क्षेत्रका जनतासँग प्रत्यक्ष संवाद गर्नेछन्। यसअघि गान्धीले 7 सेप्टेम्बर, 2022 देखि 30 जनवरी, 2023 सम्म भारत जोडो यात्रा गरेका थिए। 145 दिनको यो यात्रा तमिलनाडुको कन्याकुमारीबाट सुरु भएको जम्मु काश्मिरको श्रीनगरमा पुगेर समापन भएको थियो। त्यसबेला राहुलले 3 हजार 570 किलोमिटरको यात्रामा 12 राज्य र दुई केन्द्र शासित प्रदेशलाई कभर गरेका थिए। उनले 12 वटा ठूला सभाहरुलाई सम्बोधन गरेका थिए भने 1 सयभन्दा बढी बैठक र 13 वटा पत्रकार सम्मेलन गरेका थिए। तमिलनाडुबाट सुरु भएको यात्रा केरला, आन्ध्र प्रदेश, कर्नाटक, तेलंगना, महाराष्ट्र, मध्य प्रदेश, गुजरात, राजस्थान, उत्तर प्रदेश, दिल्ली, हरियाणा र पञ्जाब हुँदै काश्मिरमा पुगेको थियो। गान्धीले केन्द्रमा भाजपा नेतृत्वको एनडीए गठबन्धनको शासनका क्रममा बढिरहेको आर्थिक असमानता तथा जाति, धर्म, भाषा र नस्लका आधारमा बढिरहेको विभेदविरुद्ध भारत जोडो यात्रा गरेको बताएका थिए। यद्यपि उनको यात्राको मुख्य उद्देश्य आगामी लोकसभा निर्वाचनमा पार्टीको बलियो जनाधार निर्माण गर्नु थियो। नेता, लेखक, पूर्व सैनिक अधिकारीहरूदेखि अन्य पार्टीका नेताहरू समेत सामेल भएका थिए। यात्राका क्रममा उनी अलग अलग राज्यका मन्दिर, चर्च, मस्जिद र गुरुद्वारमा समेत गएर पूजा तथा प्रार्थना गरेका थिए। राहुलको यो यात्रामा उनको राजनीति भन्दा बढी उनको 'लुक' चर्चामा रह्यो।

## तेजपुरको ऐतिहासिक वाण थिएटरको..

***१ को रहल*** वरिष्ठ अधिवक्ता यामिनिी कुमार बैश्य, डा. भूपेन शइकीया, वरिष्ठ सदस्य वेणुधर काकति, विक्रम कुमार बरा, अध्यापक पल्लब भट्टाचार्य आदिले परामर्शमूलक भाषण प्रस्तुत गरेका थिए। आजको सभाले वाणथिएटरका नयाँ सदस्य अन्तर्भुक्तिका लागि असमिया भाषा, साहित्य, संस्कृतिको विकास गर्न प्रत्यक्ष रूपले जडित र वाणथिएटरको नीति-आदर्शप्रति आस्थावान र श्रद्धाशील व्यक्तिलाई विशेष कार्यनिर्वाहक सभाले निमन्त्रित मनोनित सदस्यको रूपमा राख्ने अनुमोदन गरेको छ। वाणथिएटरका शिक्षा नाटक कार्यशालासँग लामो समयसम्म जडित र साध्य अनुसार सेवा दिँदै आएका सदस्य-सदस्याहरूलाई पद प्रदानको प्रस्ताव राखिएको छ भने वाणथिएटरलाई अकृत्रिम स्नेह र श्रम दिने कलाकारहरूको अवदान पुस्तिकाको आकारमा प्रकाशित गर्ने अनि वाणथिएटरमा मञ्चस्थ नाटक, सभाको कार्यक्रमका साथै समग्र तथ्यहरू आर्काइब गर्नुका साथै डिजिटल गर्नमा गुरुत्व दिइएको छ। त्यसपछि आउँदो कार्यकालका लागि प्रार्थी छनौटमा भोटदान प्रक्रिया सुरु भएको छ। राति जतिबेला भोटदान प्रक्रिया सम्पन्न हुन्छ त्यसपछि मात्र फलाफल घोषणा हुने जानकारी प्राप्त छ।


With Best Compliments from --

**CT SCAN,**
**ALL TYPES OF ULTRASOUND**

X-RAY, ECG &
PATHOLOGICAL TESTS
AT
**MATRIX DIAGNOSTICS**

**Hatipilkhana, Tezpur**
**Ph. -9085661629**

**Dr. Bikash Upadhyay,** MD
Mobile - 9435161949

**Dr. Nayanmoni Deka,** DCP
Mobile - 9864090686


## विपक्षी ऐक्य मञ्चमा एक विशेष सुत्र अनुसार आसनको..

***१ को रहल***बराले अवगत गराएका छन। यता कंग्रेसबाट ७९ जनाले प्रार्थित्वको लागि आवेदन गरेका छन भनी उल्लेख गर्दै उनी भन्छन कि अन्य पार्टीहरूले पनि यसरी नै प्रार्थीहरू अघि सार्दा विषयमा छलफलको लागि राम्रो हुनेछ। कंग्रेसका आवेदन गर्ने प्रार्थीहरूको प्रसङ्गमा उनी भन्छन - प्रार्थीहरूको तृणमूल तहको घडेरी सन्दर्भमा पर्यवेक्षण चलिरहेको छ। यता प्रार्थीप्रत्याशी चयन प्रक्रिया चलिरहेको भनी उल्लेख गर्दै बरा भन्छन कि ५ जनवरी भित्र ब्लक कंग्रेसहरूले प्रार्थीको प्यानल दिनेछन जिल्लालाई र १६ जनवरी भित्र जिल्ला कंग्रेसहरूले प्यानल प्रदान गर्नेछ प्रदेश कंग्रेसलाई। त्यसपछि प्रार्थी तय गरिने छ। यता एकजना भाजपा उम्मेदवारको विरूद्ध विपक्षीले सामुहिक रूपमा एकजना प्रार्थी खडा गराउँदा यसपटक चुनाउमा भाजपा पराजित हुनेछ भनी स्पष्ट मत व्यक्त गरेका छन प्रदेश कंग्रेसका अध्यक्षले। अर्कातिर, भाजपाको एकजना व्यक्तिको निर्देशमा चलेको पार्टी होइन भनी कटाक्ष गर्दै बरा अझ भन्छन कि भाजपाले इच्छा गर्दा सांसद एकजनालाई विधायक बनाउन सक्दछ। मन्त्री एकजनालाई सांसद बनाउँदछन वा कुनै एकजना दलीय नेताको सबै पद पनि खारेज गर्न सक्नेछन। भाजपा जस्तो कंग्रेस एकनायकत्ववादी पार्टी होइन भनी अध्यक्ष बराले बताएका छन।

## आग्सुको 17औँ द्वि-वार्षिक अधिवेशन..

***१ को रहल*** महाविद्यालय परिसरमा सम्पन्न भएको आग्सुको अधिवेशन र दोश्रो उत्तर-पुर्वाञ्चल गोर्खा महोत्सव स्थली गोर्खाहरुका पारम्परिक प्रदर्शनी र खाद्य समारोहले उपस्थित जातीय प्रेमी तथा अन्यान्य भाषा -भाषीका दर्शकहरुले गोर्खाहरुको मौलिक लोक प्रदर्शनी धोको फुकाएर उपभोग गरेका थिए।

## एनकाउन्टार वितर्कको वीचमै आल्फासँग त्रिपाक्षिक..

***१ को रहल*** औपचारिक कुनै पत्र पठाइएको छैन। त्रिपाक्षिक शान्ति सम्झौतालाई लिएर असम सरकार समेत एक प्रकार अँध्यारोमै रहेको छ भन्ने कुरा दिसपुरको एउटा स्रोतले बताएको छ। उल्लेख्य, नयाँवर्षको पूर्व ३१ डिसम्बरमा आल्फासँग शान्ति सम्झौतामा हस्ताक्षर गरी केन्द्र र राज्य सरकारले चमत्कार देखाएर परेश बरुवालाई विशेष वार्ता प्रेरण गर्न खोजेका छन तापनि शान्ति सम्झौताले प्राय दुई कुरी वर्ष स्वाधीन असमको मागमा सशस्त्र संग्राम जारी राख्ने वार्तापन्थी गुटले के उपलब्धि हाँसिल गर्नेछ त्यो कुरा समयमा मात्र ज्ञात हुनेछ। किनकि केन्द्रीय सरकारसँग भएको अन्तिम बैठकमा आल्फा नेतृत्वले असन्तुष्टि व्यक्त गरेको थियो। आल्फाका साधारण सचिव अनुप चेतियाले पत्रकारहरूलाई सम्बोधन गर्दै केन्द्रीय सरकारले भूमिपुत्र मानिसको राजनैतिक र संवैधानिक अधिकार सुरक्षित गराउन केन्द्रले कुनै सरोकार राखेको छैन भनी खेद प्रकट गर्दछन। यहाँसम्म कि असम सम्झौताको ६ नम्बर बूँदा कार्यन्वयन र असम विधान सभाबाट पञ्चायतसम्म ८८ प्रतिशत समष्टि रैथानेहरूको लागि संरक्षणको लागि आल्फाले गरेको मागलाई मोदी सरकारले चासो नदेखाएको आरोप लगाएका थिए। अवश्य हालै मुख्यमन्त्री हिमन्त विश्व शर्माले आल्फाको शान्ति सम्झौतामा असम सम्झौताको ६ नम्बर बूँदाको विषयवस्तु रहने छ भनी संचार माध्यमको सामु घोषणा गरेका थिए। तर दिसपुरको एउटा शीर्ष स्रोतले आल्फाको शान्ति सम्झौतामा ६ नम्बर बूँदा कार्यन्वयनको कुनै प्रसङ्गले स्थान पाउने छैन भनी भन्ने जानकारी गराएका छन। यस्तो प्रेक्षापटमा आल्फासँग हुने शान्ति सम्झौतामा असमले अथवा विद्रोही संगठनले के हाँसिल गर्नसक्छ त्यो सम्झौता पछि मात्र स्पष्ट हुनेछ। तर असम पुलिसको एनकाउन्टारको वितर्कको वीचमै चमत्कार देखाएर शान्ति सम्झौतामा हस्ताक्षरको लागि तैयार भएको विषयले विशेष तात्पर्य वहन गरेको छ। अवश्ये स्वाधीन असमको सर्तलाई छोडेर वार्तापन्थी आल्फासँग हुने सम्झौतालाई परेश बरुवा पन्थीले कसरी स्वीकार गर्नेछ त्यो पनि समयमा मात्र थाहा लाग्नेछ। यता शान्ति सम्झौताको सन्दर्भमा आल्फाका साधारण सचिव अनुप चेतिया भन्छन कि मसौदा प्रस्तुतकरणको लागि केन्द्रीय गृह मन्त्रालयसँग चाँडै उनी र वैदेशिक सचिव शशधर चौधुरीले वार्तामा भाग लिनेछन र त्यस पछि नै सम्झौताको मसौदा तैयार हुनेछ भन्ने आशा गरिएको छ। अवश्य गृह मन्त्रालयका शीर्ष अधिकारीसँग कुनदिन उनलाई भेट गर्नेछन त्यो समयसूची अहिले पनि तय भईसकेको छैन भनी चेतियाले जानकारी गराएका छन। उल्लेख्य, अहिलेसम्म आल्फाको तर्फबाट ११ वटा भन्दा अधिक मागको एक पत्र केन्द्रीय सरकारको हातमा दाखिल गरिएको थियो। केन्द्रीय गृहमन्त्री अमित शाह र असमका मुख्यमन्त्री हिमन्त विश्व शर्माको उपस्थितिमा हस्ताक्षर गरिने छ यस सम्झौतामा। केन्द्रीय गृह मन्त्रालयका शीर्ष अधिकारीवर्ग, असम सरकारका मुख्य सचिव र गृह विभागका शीर्ष अधिकारीवर्गका साथै सम्झौताको समयमा उपस्थित रहने छन आल्फाका सभापति अरबिन्द राजखोवा, साधारण सचिव अनुप चेतिया, वित्त सचिव चित्रवन हाजरिका, वैदेशिक सचिव शशधर चौधुरी, उप सेनाध्यक्ष राज बरुवा, प्रचार सचिव मिथिङ्गा दैमारी र सांस्कृतिक सचिव प्रणति डेकाको उपस्थिति रहने छ भन्ने थाहा लागेको छ।

## तेजपुरमा बक्सीको सन्देहमा तीन सन्तानकी ...

***१ को रहल*** मिन्टु बोडोको नेतृत्वमा बेबेजिया पुलिस अधिकारी दीगन्त शईकीया सहित पुलिसको दल घटनास्थलमा उपस्थित हुन्छ, त्यतिबेलासम्म प्राय ८० प्रतिशत ज्वलिसकेकी सङ्गीता कापीको शव पुलिसले फेला पार्दछ। एक तनावपूर्ण परिस्थितिको वीच पुलिसको दलले मृतदेह मरणोत्तर परीक्षाको लागि तेजपुर चिकित्सा महाविद्यालय अस्पताल प्रेरण गर्दछन। यसको साथसाथै पुलिसले घटना सन्दर्भमा हत्याकाण्ड सहित जडित पाखण्डहरूको खोजीमा अभियान सुरू गर्दछ। बेबेजियाका भारप्राप्त पुलिस अधिकारी दीगन्त शईकीयाको नेतृत्वमा चलाइएको यस अभियानमा अहिलेसम्म एउटै अञ्चलका पाँचजना आरोपीलाई पक्राउ गर्न सक्षम भएका छन। पक्राउमा परेका छन रञ्जीत सांघारका छोरा अजय सांघार (२२), प्रयात लुकास मालहारका पुत्र पिंकु मालहार (२३), प्रयात बेजर बागोवारका छोरा सुरज बागोवार (२२) र धिराज बागोवार (१९) का साथै प्रयात खाइरा तांघारका छोरा बाइला तांघार (४५)। हत्याकाण्डसँग जडित यी पाँच पाखण्डलाई पुलिसले समातेर घटना सन्दर्भमा सोधपुछ गर्नुका साथै बाबलु नागधर नामका फरार आरोपीको खोजीमा अभियान जारी राखेका छन। यता बेलुका मरणोत्तर परीक्षा पछि संगीताको शव पुलिसले पीडित परिवारलाई अर्पण गरेपछि गाँउको सार्वजनिक स्मशानमा स्थानीय एकांश मानिसको उपस्थितिमा अन्त्येष्टि सम्पन्न गरिएको छ। उल्लेख्य, अञ्चलका बासिन्दा एकांश महिलाले पत्रकारको सामु घटनाको सन्दर्भमा दिएको बयानमा सङ्गीता कापी बोक्सी भन्ने दावा गरेको घटनाले अहिले पनि हाम्रो समाजमा शिक्षाको कमीले गर्दा नै धेरै मानिस अन्धविश्वास र कु-संस्कारको वीच जीवन निर्वाह गरिरहेका छन भन्ने कुरालाई पुष्टि गराउँदछ।

## विशिष्ट कवि-गीतकार दुर्गाप्रसाद घिमिरे अब रहेनन..

***१ को रहल*** लिएका थिए। प्राध्यापक दुर्गाप्रसाद घिमिरेले शिक्षण संस्थानमा संलग्न रहनुका साथसाथै साहित्य क्षेत्रमा पनि महत्वपूर्ण योगदान पुऱ्याएका छन। अहिलेसम्म उनको नेपाली भाषामा धेरै कृतिहरू प्रकाशित भईसकेका छन। उनका प्रकाशित कृतिहरूमा छन - बुढाछपडी (१९८३), धुकधुकी (गीत संग्रह, १९८३), समिधा (निबन्ध संग्रह, १९८६), शतभिसा (कविता संग्रह, १९९३), कवि पुष्पलाल उपाध्याय व्यक्तित्व र कीर्तित्व (२००१), साधना (निबन्ध संग्रह, २००३), शान्तिको खोजीमा (कविता संग्रह, २००८), शारदा (समीक्षात्मक संकलन, २०१२), पूर्णपात्र (निबन्ध संकलन, २०१८)। यसबाहेकै उनका विभिन्न पत्र-पत्रिका लेख-रचना प्रकाशित भएका छन भने अनेकौं पत्र-पत्रिकाहरूको सम्पादन पनि गरेका छन। उनले सम्पादन गरेका पत्रिकाहरूमा छन। आँखा (दरङ नेपाली साहित्य सम्मेलन पत्रिका), कवि पुष्पलाल तथा समाजसेवी प्रसाद सिंह सुब्बा स्मारिका, शोणितपुर (शोणितपुर नेपाली साहित्य परिषद, तेजपुर), सम्मेलन (असम गोर्खा सम्मेलन पत्रिका), प्रसाद सिंह सुब्बा स्मृतिग्रन्थ, धनबहादुर ढकाल छेत्री स्मारिका, स्व. किशोर श्रेष्ठ स्मारिका, विद्यादेवी घिमिरे स्मृतिग्रन्थ आदि। दुर्गाप्रसाद घिमिरेले साहित्य लगायत सामाजिक क्षेत्रमा पुऱ्याएको विभिन्न योगदानको लागि विभिन्न संस्था-संगठनहरूले उनलाई अभिनन्दन एवं पुरस्कृत गराउनुका साथै असम सरकारले २००० सनमा साहित्यिक पेन्सन प्रदान गर्दछ। २००५ मा उनलाई नेपाली साहित्य कला निकेतनले हरिभक्त कटुवाल स्मृति पुरस्कार, २००८ मा भानुज्योति संघद्वारा सम्मान आदि प्रदान गरेको छ। प्रयात घिमिरेले स्थानीय विभिन्न संस्था-संगठनहरूमा विभिन्न पदमा रहेर सेवा कार्य गरेका छन। १९९४ देखि १९९७ सम्म नेपाली साहित्य परिषद, असमको कार्यकारी अध्यक्षको पद अलंकृत गरेका थिए। साहित्यकार दुर्गाप्रसाद घिमिरेको निधनमा असम नेपाली साहित्य सभा शोणितपुर जिल्ला समिति, हरि-हर धाम सांस्कृतिक उन्नयन समिति, सेवा साधना संस्था, नागरिक मञ्च एवं विशिष्ट व्यक्तिहरूले गहिरो शोक व्यक्त गरेका छन। उल्लेख्य, निधनको समयमा घिमिरेले दुई छोरा मनोज, महेन्द्र र छोरी शारदा सहित बुहारी, ज्वाईं, नाति-नातिना लगायत धेरै इष्ट मित्रलाई यस संसारमा छोडेर गएका छन।

## जिसस क्राइस्टको जन्मोत्सव, प्रतिबन्ध र सान्ता ...

***३ को रहल***हरूको भारी आफैँले बोकेर प्राय: रातको समयमा बाँड्न जान्थे भनिन्छ। उनले अनाथ बाल-बालिकाप्रति देखाएको अपार मायामा कुनै शङ्का छैन। उनको मृत्यु भएको शताब्दीयौँपछि सन् 1087 मा उनको अस्तुलाई व्यापारीहरूले माइराबाट चोरेर इटालीमा ल्याए। यसले गर्दा उनको ख्याति युरोपमा पनि फैलियो।

सन् 1870 मा अमेरिकी चित्रकार थोमस नास्टले पहिलो पटक काल्पनिक क्रिसमस बाजेको एउटा नक्सा उतारेका थिए। लामो दारी, बुढो शरीर उपहारहरूको भारी बोकेर हिँडिरहेको यो चित्र बालकहरूमाझ असाध्यै लोकप्रिय छ। आजका धेरै बालबालिकाहरू दन्त्यकथाको काल्पनिक लोकप्रिय पात्र सान्ता क्लज हुन र चित्रमा देखिए जस्तै लामोदारी, बुढो शरीर र उनको काधमा उपहारको भारी थिए होला भनेर विचार गर्छन्। आज संसारभरी सान्ता क्लजको नाम नसुनेका मानिसहरू कमै होला। सान्ता क्लजको बारे क्रिसमसको सन्दर्भमा बनाइएको लोकप्रिय गीतहरूपनि छन्। विगत केही दशकदेखि अत्यन्त लोकप्रिय भइरहेको सान्ता क्लज स्वरूपको गुडिया क्रिसमस वृक्षलाई सजाउन झुन्डाइने गरिन्छ। यही काल्पनिक पात्र सान्ता क्लजको भेष धारण गरेर क्रिसमसको अवसरमा मनोरन्जन गर्नुबाहेक यसको न कुनै अर्थ छ न त क्रिसमस र बाइबलसँग सान्त क्लचको कुनै सम्बन्ध छ।

क्रिसमसको समयमा सबै वृक्षहरूको पात झरिसक्ने भए पनि देवदारको वृक्ष सदाबहार हुनेहुनाले क्रिसमसमा सजाउनका लागि देवदार वृक्ष नै छानिएको हो। क्रिसमसमा देवदारको वृक्षलाई सजाउने परम्पराको सुनिश्चित मिति र उत्पत्तिको सम्बन्धमा केही अनिश्चितता भए पनि सातौँ शताब्दीको मध्यतिर क्रिसमस वृक्ष सजाउने परम्परा जर्मनीबाट प्रारम्भ भएको मानिन्छ। अहिले क्रिसमस रुखको ब्यापार गरेर सबभन्दा बढी आम्दानी क्यानडाले गरिरहेको छ। वास्तविक क्रिसमस वृक्षको विकल्पमा प्लास्टिकबाट बनेको नक्कली वृक्षको प्रयोग पनि व्यापक रूपमा भइरहेको छ।

क्रिसमसको शुभकामना व्यक्त गर्ने कार्डमा शुभेच्छा लेखेर पोस्टकार्ड आदान प्रदान गर्ने प्रचलन विश्वव्यापी छ। बेलायतका जोन क्यालकोट हर्सनले सन् 1843 मा पहिलो पटक क्रिसमसको शुभकामना कार्ड सर हेनरी कोलका लागि डिजाइन गरेका थिए। आजका आधुनिक पोस्टकार्ड त्यसैका परिमार्जित स्वरूप हुन्। त्यस कार्डमा जोन क्यालकोटले येसु ख्रिस्टको जन्म उत्सव र आउँदै गरेको इसा संवत्को नयाँ वर्षको निम्ति संयुक्त रूपमा शुभेच्छा व्यक्त गर्ने यस्ता शब्द प्रयोग गरेका थिए- मेरी क्रिसमस एन्ड ह्याप्पी न्यु इयर।

## अध्यापक आजिजुल हकको परलोक

होजाई : होजाईको रबीन्द्र नाथ विश्वविद्यालयको अंग्रेजी विभागको अध्यापक आजिजुल हकको परलोक प्राप्ति भएको छ। स्वास-प्रस्वासको समस्याले गर्दा उनलाई स्थानीय एक अस्पतालमा भर्ना गरिएको थियो। त्यसपछि उन्नत उपचारको लागि उनलाई गुवाहाटी प्रेरण गरिएको थियो। उपचारको क्रममै उनले अन्तिम स्वास लिएका छन। अध्यापक आजिजुल हकको अकाल मृत्युमा समग्र होजाई शहरमा शोक छाएको छ। मृत्युको समयमा उनको उमेर ५८ वर्ष पुगेको थियो। निधनको समयमा उनले पत्नी, एक पुत्र र एउटी छोरीलाई यस संसारमा छोडेर गएका छन। उनको मृत्युमा विश्वविद्यालयका उप कुलपति डा. अमलेन्दु चक्रवर्ती, स्थानीय विधायक सहित धेरै व्यक्तिहरूले शोक व्यक्त गरेका छन।

## सपुत



**कुञ्ज देवी उपाध्याय**
**शिवसागर, डिमौ**

शरीरको पसिना
माटोमा झरेपछि
मेरो तक्दिर हरियो हुन्छ
आमाको आँखा झरिलो हुन्छ
बुबाको सपना दर्बिलो हुन्छ

म जन्मेको माटो स्वर्ग बन्छ
मेरा पसिनाले
आमा भन्छिन्
कहिँ जानु छैन तलाई
यहाँ रोपेको छ तेरो हजुरबुबाको हड्डी

सुर्यले चालै नपाई
मैले नङ्ग्याएको मैदानमा
सुन फल्दै छ
मेरो सपना
लम्कँदै छ लम्कँदै छ लम्कँदै छ
जुन टिप्न

माटो जत्तिकै प्यारो छ
यहाँको काढो
ऊ मेरो खुट्टामा बिज्दछ
म टाउको निहुराई स्वागत गर्छु
नखाई मर्छु
बेच्दिन पहिचान

मागेर खाने आदत छैन मेरो
भोकै बस्छु
अहंकारी होइन
स्वाभीमानी हुँ

पिठ्यू पछि छुरा हान्नेलाई
उपहास गर्छु
पसिनाको मोल माग्छु
अनमोल छ मेरो जन्मजात परिचय
रातो रगतले लेखि दिन्छु
मेरो पसिनाको जय
भारत माताको जय।

## पुलिसको उत्पीडनले गर्दा तिताबरका..

***१ को रहल*** बजे पुलिस उपस्थित हुँदै परिवार तथा स्थानीय मानिसले आक्रोश व्यक्त गर्दछन। एकमात्र पुत्रलाई गुमाउनु परेकोमा युवकका आमा-बाबुको अवस्था अति लाचार भएको छ। आमालाई चिकित्साको लागि अस्पतालमा भर्ना गर्नु पर्ने भएको छ। युवककी दिदीले जोरहाट पुलिस अधीक्षकको निर्देशमा भाईमाथि धेरै निर्मम अत्याचार र एनकाउन्टार गराउँछ भनी धम्की दिएको भन्ने संचार माध्यमको सामु व्यक्त गरेकी छन। उल्लेख्य, दिपाङ्कर गोगोई पाँचवर्ष पूर्व केही साथीहरूसँग आल्फामा योगदान गर्दछु भनी घरबाट निस्किएका थिए। गईरहेको अवस्थामै अरूणाचल एक दुर्गम इलाकामा आसाम राईफल्सको जवानको हातमा गिरफ्तार भएका थिए र अरूणाचल प्रदेशको जेलमा तीन महिना रहेपछि असम पुलिसले आफ्नो जिम्मामा ल्याएको थियो। यस पछि एकवर्ष उनलाई जेलमा थुनिएको थियो। जेलबाट निस्किएर आफ्नो घरमा खेतिको काम गर्न लाग्दछन। कुनै प्रकारको आल्फा अथवा अन्य कसैसँग उनको सम्पर्क थिएन भनी दिदीले रुँदै रुँदै बयान गरेकी छन। तिताबर महकुमा प्रशासनका राजस्व चक्र अधिकारी र महकुमा पुलिस अधिकारीको उपस्थितिमा शव मरणोत्तर परीक्षाको लागि व्यवस्था गरिएको छ। शवको मरणोत्तर जाँच गरेपछि उनको शरीरमा धेरै चोट देखिएको छ। यता दिपाङ्कर गोगोईको आत्महत्या काण्डको छानबिन गरिने छ भनी पुलिस सञ्चालक प्रधान जी.पी. सिंहले घोषणा गरेका छन।

## पुलिस अधीक्षक पदबाट राजीनामा ..

***१ को रहल*** सम्भावना देखिएको छ। यहाँसम्म कि आउँदो लोकसभामा बिहारको बक्सारबाट चुनाउ लडने चर्चा सुरू भएको छ। मननयोग्य कुरा धुबुडीबाट नौगाँउ जिल्लाको पुलिस अधीक्षकको रूपमा सरुवा भएर आएपछि नै नौगाँउ जिल्लामा अपराध नियन्त्रणको क्षेत्रमा उनले महत्वपूर्ण भूमिका लिएका थिए। अवश्य त्यसै वीच छात्रनेता कीर्तिकमल बराको फर्जी एनकाउन्टारको घटनामा जडित रहेको आरोपमा आनन्द मिश्रलाई जिल्लाबाट सरुवा गराइएको थियो। परवर्ती समयमा उनलाई लखिमपुरको पुलिस अधीक्षकको रूपमा नियुक्त गराइएको थियो तापनि हालै उच्चतम न्यायालयको निर्देशमा मणिपुरको हिंसात्मक घटनाको छानबिनको लागि गठन गरिएको एसआईटीको दायित्व प्रदान गरिएको थियो मिश्रलाई।

# निद्रा खल्बलिन्छ?

## यसरी पाउनुहोस् गहिरो निद्रा



राती राम्ररी निद्रा नलाग्नु एउटा साझा समस्या हो, जुन दशा धेरैले झेलिरहेका हुन्छन्। राम्ररी निद्रा नलागेकै कारण 'स्लिपिङ ट्याब्लेट' चपाउनुपर्ने वाध्यता पनि धेरैलाई छ।

जब तपाईं मस्त निदाउन सक्नुहुन्न, शरीर बोझिलो हुन्छ। दिमागले सही ढंगले काम गर्न सक्दैन। त्यतीमात्र होइन, यसले शरीरमा रोगसमेत निम्त्याउँछ। अनिद्राकै कारण उच्च रक्तचाप बढ्छ, मधुमेहको खतरा हुन्छ।

**गहिरो निद्रा किन?**

स्वस्थ्य जीवनका लागि गहिरो निद्रा अपरिहार्य छ। एक वयस्क व्यक्तिले दिनमा ७ वा ८ घण्टा सुत्नुपर्छ। तर, कति समय सुत्ने भन्ने कुराले त्यसबेला मात्र अर्थ राख्छ, जब त्यो सुताई आरमदायक र गहिरो हुन्छ। गहिरो निद्राले मानसिक एवं शारीरिक स्वस्थ्यमा राम्रो प्रभाव पार्छ। यसरी गहिरो निद्रा सुतेपछि दिनभर शरीर चंगा हुन्छ। स्फूर्ति बढ्छ। काम गर्न जाँगर चल्छ।

**किन निद्रा लाग्दैन?**

निद्रासँग जोडिएको केही समस्या हुन्छ, त्यसमा सबैभन्दा बढी दुई प्रकृतिको देखिन्छ। एक त, कम निद्रा लाग्नु। अर्को चाहिँ मस्त निदाउन नसक्नु।

निद्रा नलाग्नुको खास कारण मानसिक तनाव नै हो। जब तपाईंको मन स्थिर हुँदैन, शान्त हुँदैन निद्रा खलबलिन्छ। अधिक मानसिक थकानमा पनि निद्रा लाग्दैन। त्यस्तै कतिपय रोग, शारीरिक पीडा, दुखाई आदिले निद्रा लाग्दैन।

त्यस्तै सुत्नुअघि गरिने कतिपय गतिविधिले निद्रा बिथोलिन्छ। गलत खानपान, अपच पनि अनिद्राको कारण हो। त्यस्तै त्यहाँको वातावरण, ओछ्यानले समेत सुत्ने कुरामा प्रत्यक्ष असर गर्छ।

**कसरी पाउने गहिरो निद्रा?**

१. गहिरो निद्रा पाउनका लागि मूख्यतः मानसिक रुपमा स्वस्थ्य हुनु आवश्यक छ। सुत्नुअघि मनमा कुरा खेलाउने, चिन्ता लिने जस्ता काम गर्नु हुँदैन।

२. सुतेको बेला आयव्यायको हिसाब लगाउने, पारिवारिक समस्यामा घोत्लिने, नकारात्मक विचारहरु ल्याउने जस्ता कुराले पनि निद्रा विथोलिन्छ। त्यसैले सुत्नुअघि यस्ता विकारयुक्त विचारहरु मनमा ल्याउन हुँदैन।

३. सुत्नुअघि त्यस्ता कुराहरु सोच्नु हुँदैन, जसले मनलाई दुखित तुल्याउँछ। अक्सर मानिस ओछ्यानमा पल्टिएर मनमा अनेक कुरा खेलाउन थाल्छन्, विगतका गल्तीहरु सम्झन्छन्, भविष्यका बारेमा कल्पन्छन्। यसले पनि निद्रा विथोल्छ। यस्ता कुराहरु सोचेर केही फाइदा छैन। दिनमा शरीर सक्रिय भएको बेला यस्तो काम गर्नुपर्छ, जसले आफुलाई सन्तुष्ट तुल्याउँछ।

४. सुत्नुअघि मनलाई स्थिर, खुसी र सन्तुष्ट राख्नुपर्छ। भविष्यको कुरा सोचेर वा विगतका गल्तीहरुमा पछुतो गरेर केहि उपलब्धि छैन भन्ने कुरा बुझ्नुपर्छ।

५. सुत्नुअघि धेरै खानेकुरा खानु ठीक होइन। यसले पेट भद्दा हुन्छ र राम्ररी निद्रा लाग्दैन। अधिक पानी वा झोलयुक्त पदार्थ सेवन गर्दा पनि पिसाब लाग्छ, जसले निद्रा विथोलिदिन्छ। सुत्नुअघि हल्का एवं सुपाच्य खानेकुरा सेवन गर्नुपर्छ।

६. सुत्ने र उठ्ने समय तालिका नियमित हुनुपर्छ। निश्चित समय तालिकामा सुत्ने अभ्यास गरिएको छ भने त्यही समयमा निद्रा लाग्छ।

७. शारीरिक रुपमा निस्क्रिय हुँदा पनि राम्ररी निद्रा लाग्दैन। त्यसैले दिनमा शारीरिक रुपमा सक्रिय रहनुपर्छ। त्यस्तै व्यायाम गर्नुपर्छ, हिँडडुल गर्नुपर्छ, सानोतिनो घरायसी काम गर्नुपर्छ।

८. सुत्नुअघि हल्का खानेकुरा सेवन गर्ने, केहि क्षण हिँडडुल गर्ने, हल्का व्यायाम गर्ने, प्रणायाम गर्ने, ध्यान गर्ने जस्ता सिलसिलाबद्ध क्रियाले पनि गहिरो निद्रा लाग्छ।

९. ओछ्यान सजिलो हुनुपर्छ। साथै सुत्ने कोठाको वातावरण प्रतिकुल हुनुहुँदैन। राती चर्को ध्वनी आउने, हल्लीखल्ली हुने जस्ता कुराले पनि निन्द्रा विथोलिन्छ।

१०. सुत्नुअघि चाखलाग्दो पुस्तक पढ्नुहोस्। मधुरो संगीत सुन्नुहोस्। यसले ध्यान अन्यत्र भंग हुँदैन र निद्रा लाग्छ।

**केही घरेलु विधी**

राम्रो निद्रा पाउनका लागि केही घरेलु औषधिले पनि उपयोगी हुन्छ। तर, पूर्ण रुपमा यसमै निर्भर हुनुहुँदैन। स्वस्थ्य दिनचर्यासँगै घरेलु विधी अपनाएपछि गहिरो निद्रा पाउन सकिन्छ।

- काँचो प्याजको सेवन गर्नुपर्छ।
- पुदिनाको पात पानीमा उमालेर उक्त पानी सेवन गर्नुपर्छ।
- सुत्नुअघि मनतातो दुध पिउनुपर्छ।

# आमा खुसी भए गर्भको शिशु पनि स्वस्थ



जब गर्भ रहन्छ, तब गर्भवती शारीरिक र मानसिक रुपमा स्वस्थ हुनुपर्छ। यसले गर्भको शिशुमा सोझो प्रभाव पार्छ। यदि आफ्नो शिशुको मानसिक र शारीरिक विकास समुचित ढंगले होस् भन्ने चाहनुहुन्छ भने, गर्भवतीको ख्याल राख्नैपर्छ। गर्भवतीलाई प्रफुल्ल तुल्याउनुपर्छ। उनीहरु सकारात्मक, खुसी, सुखी भए गर्भको शिशुमा त्यसको प्रभाव पर्छ।

यद्यपि गर्भवती आफुले मात्र चाहेर सबै कुराको ख्याल राख्न सक्दैनन्। त्यसका लागि सबैभन्दा ठूलो सहयोगीको रुपमा पतिले आफ्नो भूमिका निर्वाह गर्नुपर्छ। पतिले त्यस्ता कुनैपनि काम गर्नु हुँदैन, जसले गर्भवती पत्नीमा चिन्ता थप्छ।

**१. सहायक बन्नुहोस्**

गर्भावस्थामा महिलामा हुने समस्या, कमजोरी आदिलाई पतिले पनि अनुभूत गर्न सक्नुपर्छ। गर्भवती पत्नी के कस्ता चुनौतीसँग जुधिरहेका छन् भन्ने कुरा मनन गरेर त्यही अनुसार सहयोगी व्यवहार गर्नुपर्छ। पत्नीको आत्माविश्वास बढाउने, खुसी राख्ने कुरामा पतिले भूमिका खेल्नुपर्छ। गाह्रो हुने घरायसी काममा पनि पत्नीलाई सघाउनुपर्छ। त्यस्ता कुनैपनि काम गर्न दिनुहुन्न, जो पत्नीले गर्न चाहँदैनन् वा सक्दैनन्।

**२. बद्लिँदो दिनचर्यालाई बुझौं**

गर्भधारणपछि महिलाको काम गर्ने क्षमता कम हुन्छ, जो शिशुलाई जन्म दिइसकेको केही दिनसम्म कायम रहन्छ। यस स्थितीमा घरको रुटिन नियमित नहुन सक्छ। पत्नीको अभावमा हुने कतिपय काममा पति अग्रसर हुनुपर्छ।

**३. सजगता अपनाउने**

गर्भवती पत्नीलाई चिकित्सकहाँ पुऱ्याउने, सही खानपान दिने, सहज पहिरन छनौट गरिदिने जस्ता कुरामा पतिले ख्याल राख्नैपर्छ। यसबेला तपाईंले पत्नीको सामुन्ने राम्रो कुरा मात्र गर्नुहोस्। उसलाई राम्रो कुरा मात्र सुनाउनुहोस्। राम्रो काम मात्र देखाउनुहोस्। पत्नीको आसपास रहनुहोस्, ताकि उनले आफुलाई एक्लो र असुरक्षित महसुष नगरोस्। योग गराउनुहोस्, मर्निङ वाकमा लिएर जानुहोस्।

**५. सुन्दर हुनुको महसुष गराउनुहोस्**

गर्भधारणपछि खानपानको कारण अक्सर पत्नी मोटी हुन्छन्। शरीर भद्दा देखिन्छ। यस्तो कुराले कति पत्नीलाई चिन्ता पनि हुन्छ। खासगरी सौन्दर्यप्रति सचेत महिलाहरु गर्भावस्था र त्यसपछि हुने शारीरिक परिवर्तनलाई स्वीकार्न रुचाउँदैनन्। यद्यपि त्यस्ता कुराले उनीहरुलाई चिन्तित तुल्याउनु हुँदैन। नियमित व्यायाम र सन्तुलित दिनचर्याले आफ्नो शारीरिक बनौट पुरानै रुपमा फर्काउन सकिन्छ भन्ने कुरा बुझाउनु पर्छ।

**६. प्रसव पूर्व कक्षाको जरुरी**

प्रसवको समयमा हुने के कस्ता अवस्था आउँछ भन्ने कुराको जानकारी पत्नीलाई हुनुपर्छ। कसरी प्रसवलाई सहज र कम पीडादायक बनाउने भन्ने कुरामा पनि पतीले आवश्यक जानकारी दिलाउनु पर्छ।

**७. समझदारीताका साथ काम गरौं**

जब पत्नी गर्भवती हुन्छ भने घरमा कुनै पार्टी, भोज आदि नगरौं। यस्ता कामले उनीहरुलाई झर्को लाग्न सक्छ र बोझिलो पनि।

**८. अनावश्यक परिवर्तनप्रति चनाखो रहने**

गर्भावस्थामा विभिन्न किसिमको परिवर्तन हुन्छन्। त्यसमध्ये केही स्वभाविक हुन्छन्, भने केही अस्वभाविक। पत्नीमा कुनै अस्वभाविक परिवर्तन आइरहेको छ भने त्यसप्रति चनाखो हुनैपर्छ, ताकि गर्भवती पत्नी र गर्भको शिशुलाई नराम्रो असर नपरोस्।

**९. घरलाई सजाउनुहोस्**

जब पत्नी गर्भवती हुन्छे, घरको आन्तरिक सज्जामा पनि थोरै परिवर्तन गर्नुहोस्। घरलाई कुल र शान्त देखिने सजावट गर्नुहोस्। प्राकृतिक सुगन्धित फूलहरु सजाउनुहोस्। घरको पर्दा, बेड कभर सफा र आकर्षक राख्नुहोस्।

# किन आवश्यक छ सन्तुलित आहार?

अक्सर खानाको कुरा गर्दा हामी स्वाद खोज्छौं। कोही स्वादको लागि खाना खान्छन्, कोही अघाउनका लागि। हाम्रो शरीरअनुसार कति खाना खाने, के खाने भन्ने कुरामा भने हामी त्यति ख्याल गर्दैनौं। यसको नतिजा ले नै हो, शरीरमा विभिन्न रोग पैदा भएको।

हाम्रो शरीरमा आवश्यक विभिन्न तत्व खानेकुराको माध्यामबाट आपूर्ति हुन्छ। त्यसैले हाम्रो खानेकुरामा ती सबै तत्व सामेल हुन जरुरी छ, जो शरीरलाई चाहिन्छ। यद्यहष हामी स्वादको चक्कर र अघाउने ध्याउन्नमा शरीरका लागि आवश्यक खानेकुराको ख्याल गर्दैनौं।

**किन आवश्यक छ?**

शरीरलाई सधैं स्वस्थ्य, उर्जावान, चलायमान राख्नका लागि सन्तुलित खानेकुरा आवश्यक छ। शरीरको अंगले राम्ररी कार्य–सम्पादन गर्नका लागि उचित पोषक तत्व आवश्यक हुन्छ। राम्रो पोषक तत्व बिना हाम्रो शरीर रोगी, जीर्ण हुन्छ। थकान लाग्छ, संक्रमण फैलन्छ।

सन्तुलित भोजनको अभावमा हाम्रो शरीरले उचित ढंगले काम गर्न सक्दैन। शारीरिक मात्र होइन, मानसिक विकासमा पनि यसले अवरोध ल्याउँछ।

**कसरी लिने सन्तुलित भोजन?**

सन्तुलित भोजन त्यही हो, जसमा हाम्रो शरीरको लागि आवश्यक सबै तत्व हुन्छ। हाम्रो शरीरलाई भिटामिन, मिनरल्स, क्याल्सियम, कार्बोहाइड्रेड, फाइबर, खनिज जस्ता पोषक तत्व आवश्यक हुन्छ।

सागसब्जीबाट हामीले भिटामिन र खनिज प्राप्त गर्छौं। हरियो, पत्तेदार साग सब्जीमा अधिक पोषक तत्व हुन्छ।

दुधजन्य उत्पादनमा क्याल्शियम, भिटामिन–डी आदि पाइन्छ। यद्यपि सन्तुलित भोजनको लागि कम बोसोयुक्त दुधजन्य उत्पादन सेवन गर्नु राम्रो हो।

मासु, अण्डा प्रोटिनको स्रोत हो। प्रोटिनले हाम्रो मस्तिष्क र मांसपेशीको विकासमा महत्वपूर्ण भूमिका खेल्छ।

**क्यालोरी**

क्यालोरी भोजनको त्यो हिस्सा हो, जसले शरीरमा उर्जा प्रदान गर्छ। साथै शरीरको उर्जा बचत गर्न पनि सघाउँछ। भोजनमा रहेको क्यालोरीकै कारण शरीर चलायमान हुने हो। प्रत्येक व्यक्तिका लागि प्रतिदिन लगभग २ हजार क्यालोरी आवश्यक हुन्छ। यद्यपि क्यालोरीको मात्रा मासिनको उमेर, लिंग र शारीरिक क्रियशिलतामा पनि निर्भर गर्छ।

**सन्तुलित भोजन**

फल– फलमा पोषक तत्व त उच्च मात्रामा हुन्छ नै, यो चाँडै पच्छ पनि। भोक लाग्नसाथ बिना झन्झट फल सेवन गर्न सकिन्छ। यद्यपि फल मौसमअनुसार सेवन गर्नुपर्छ। बेमौसमी फल स्वास्थ्यका लागि लाभदायक हुन्न।

सब्जी– खनिज र भिटामिन ग्रहण गर्ने राम्रो माध्याम हो, सब्जी। हरेक पटकको खानामा सब्जी सामेल गर्नुपर्छ। हरियो पत्तेदार सब्जीसँगै विभिन्न रंगको सब्जीमा अलगअलग पोषक तत्व पाइन्छ।

अन्न– सेतो चामल वा सेतो ब्रेड भन्दा ब्राउन राइस, ब्राउन ब्रेड आफ्नो खानामा सामेल गर्नु राम्रो हो। दालको सेवनले पनि शरीरमा फाइदा गर्छ।

दुधजन्य उत्पादन–दुधजन्य उत्पादनमा क्याल्सियम, भिटामिन डी हुन्छ। न्यून बोसो भएको दुधजन्य परिकार सेवन गर्नुपर्छ।

बोसो र चिनीजन्य खानेकुरा– बोसो र चिनी दुवैले हाम्रो शरीरमा उर्जा प्रदान गर्छ। तर, आवश्यक्ता भन्दा बढी सेवन गर्दा यो उर्जा संचित हुन्छ। शरीरको एक भागमा गएर यो जम्मा हुन्छ। परिणामतः शरीर मोटो हुन थाल्छ। यसले अनेक रोग निम्त्याउँछ।

*

# सावधान! नानीहरूको यस्तो तस्वीर फेसबुकमा अपलोड गर्दै हुनुहुन्छ?



आजभोलि हामी जे गर्छौं, त्यसको फोटो फेसबुकमा अपलोड गर्ने हतारो हुन्छ। कतै हिँडेको, खेलेको, खाएको, फिल्म हेरेको, सपिङ गरेको सबै फोटो फेसबुकमार्फत शेयर गर्ने प्रवृत्ति छ। यसैगरी कति आमाबुवाले आफ्ना छोराछोरीको अनेक भाव–भंगिमाको फोटो फेसबुकमा राख्न हतारिन्छन्। चाहे उनीहरु रोएको होस् वा हाँसेको, खेलेको होस् वा स्कुल गएको, तात्तातो फोटो खिचेर फेसबुकमा राख्ने गरिन्छ।

तर, यसरी जथाभावी फोटो अपलोड गर्नु कति उपयुक्त होला? सोच्नुपर्ने हुन्छ। कतिपय यस्ता अवस्था हुन्छन्, जसलाई सामाजिक संजालमा शेयर गर्नु ठीक हुन्न। नानीहरूको कस्तो फोटो सामाजिक संजालमा राख्न हुन्न त?

**दीसा–पिसाब गरिरहेको अवस्था**

जतिसुकै उमेरको किन नहोस्, दीसा–पिसाब गरेको क्षण नितान्त व्यक्तिगत कुरा हुन्। यस्ता कुरा दुनियाँलाई देखाइरहनु आवश्यक छैन। यस अवस्थाको फोटोले कुनै अर्थ राख्दैन। बरु, नानी ठूलो भएपछि जब आफ्नो फोटो देख्छन्, उनीहरुलाई अप्ठ्यारो पर्नसक्छ।

**नुहाएको अवस्थामा**

अक्सर आमाबुवाले नानीलाई नुहाइदिएको फोटो शेयर गर्छन्। तर, यस्तो तस्वीर सार्वजनिक गर्नका लागि होइन। आफ्नो नानीको नग्न तस्वीर सामाजिक संजालमा शेयर गर्दा त्यसले पछि समस्या निम्त्याउन सक्छ। किनभने यस्तो तस्वीर गलत मान्छेको हातमा पऱ्यो भने प्रविधिको माध्यामबाट दुरुपयोग गर्ने डर हुन्छ।

**बिमार भएको बेला**

सोच्नुहोस् त, यदि तपाईं बिमार हुनुभएको छ र कसैले तपाईंको फोटो खिचेर सामाजिक संजालमा अपलोड गर्छन् भने। बिमार भएको अवस्थामा फोटो खिच्नु राम्रो होइन। यतिबेला नानीहरूको अवस्था नाजुक हुन्छ, अनुहार सिथिल हुन्छ। यस्तो दयनीय फोटोले के अर्थ राख्छ?

**अरु नानीहरूसँगको सामूहिक फोटो**

नानीहरु आफ्नो साथीसँग खेलिरहेको, कतै बसिरहेको सामूहिक फोटो खिचेर सामाजिक संजालमा राख्नु उचित हुँदैन। किनभने आफ्नो नानीको फोटो अपलोड गर्न मन लागेपनि कति अभिभावक त्यस्तो चाहँदैनन्। अभिभावकको अनुमति बिना अर्को नानीको फोटो अपलोड गर्नु सही होइन। अर्काको प्राइवेसीको सम्मान गर्नुपर्छ।

# दिनहुँ ३ घण्टा कम्प्युटरमा बिताउनुहुन्छ! सावधान



कम्प्युटर अहिले हाम्रो जीवनको अभिन्न हिस्सा बनिसकेको छ। जीवनका हरेक क्षेत्रमा कम्प्युटरको महत्वलाई नकार्न सक्दिैन। तर लगातार कम्प्युटरको अगाडि बस्नु स्वास्थ्यका लागि हानिकारक हुन्छ। एक नयाँ अध्ययनअनुसार दिनमा लगातार ३ घण्टा कम्प्युटर चलाउनाले आँखाको समस्या देखा पर्दछ। जोन रिटानो अमेरिकाको एक कलेजमा इतिहासका प्राध्यापक हुन्। उनले इतिहासका कैयन् उत्कृष्ट पुस्तक लेखेका छन्। उनले धेरै समय कम्प्युटरमै बिताउनुपर्छ। कहिलेकाहीं त दिनभरजसो नै कम्प्युटरको स्क्रिन अगाडि बसेर दिन बित्छ। यसरी लामो समयसम्म लगातार बसेर कम्प्युटर चलाउनाले आफ्ना आँखामा जलन महसुस हुने तथा कामै गर्न गाह्रो हुने समस्या उनले भोग्नुपऱ्यो। केही बेर आराम गर्दा आँखालाई थोरै राहत त मिल्छ तर कम्प्युटरमा काम गर्न थाल्दा पुनः आँखा दुख्न थाल्दछ। रिटानो कन्फ्युजन भिजन सिन्ड्रोम रोगबाट पीडित छन्। दुनियाँमा दैनिक ३ घण्टा भन्दा बढि समय लगातार बिताउने मानिसमा यस्तो रोगको खतरा उत्पन्न हुने बताइन्छ।

त्यसैले विश्वका ७ करोड भन्दा बढि कम्प्युटर प्रयोगकर्तामा यस्तो खतरा छ। नाइजेरिया तथा बोत्स्वानाका आँखा विशेषज्ञअनुसार यो रोगबाट बढि पीडित हुनेहरुको सूचिमा अकाउन्टेन्ट, वास्तुविद्, बैंकर्स, इन्जिनियर, फ्लाइट कन्ट्रोलर्स, ग्राफिक आर्टिस्ट तथा पत्रकार लगायतका रहेका छन् जसको काम कम्प्युटर विना एक कदम पनि अघि बढ्दैन।

# वर्षाले बिथोलेको दोस्रो टेस्टको पहिलो दिन अस्ट्रेलियाको मध्यम सुरुआत



पाकिस्तानविरुद्धको दोस्रो टेस्ट क्रिकेटको पहिलो दिन मंगलबार अस्ट्रेलियाले पहिलो पालीमा तीन विकेट गुमाएर एक सय 87 रन बनाएको छ। वर्षाका कारण लामो समय खेल अवरुद्ध भएपछि पहिलो दिनको खेल 66 ओभरमात्र सम्भव भएको थियो।

हाल पाकिस्तानी क्रिकेट टोली अस्ट्रेलिया भ्रमणमा छ। टस हारी पहिले ब्याटिङको निम्तो पाएको घरेलु टोली अस्ट्रेलियाका लागि ओपरन ब्याट्सम्यान डेभिड वार्नरले 38 रन बनाए। उनले 83 बलमा तीन चौका पनि प्रहार गरे।

अर्का ओपनर उसमान ख्वाजाले पनि अस्ट्रेलियाका लागि 42 रन बनाए। उनले एक सय एक बलमा पाँच चौका हिर्काएका थिए। तेस्रो नम्बरका ब्याट्सम्यान मार्नस लाम्बुसेन अविजित 44 रन बनाउँदै क्रिजमा छन्। उनले एक सय 20 बलमा तीन चौका हिर्काएका छन्।

स्टिभन स्मिथ भने 26 रन बनाउँदै पेभेलियन फर्किएका थिए। उनले 75 बलमा दुई चौका प्रहार गरेका थिए। ट्राभिस हेड अविजित नौ रन बनाउँदै क्रिजमा छन्। लाम्बुसेन र हेडले दोस्रो दिन बुधबारको खेल अगाडि बढाउने छन्।

मेलबर्नमा जारी उक्त खेलमा अस्ट्रेलियाले अतिरिक्त रुपमा पनि 28 रन पाएको छ। भ्रमणकारी टोली पाकिस्तानका बलर हसन अली, आमेर जमाल र आघा सलमानले एक-एक विकेट लिए। यसअघि पर्थमा खेलिएको पहिलो टेस्टमा अस्ट्रेलिया तीन सय 60 रनले विजयी भएको थियो। अस्ट्रेलिया र पाकिस्तान बिच तीन टेस्टको शृंखला खेलिने छ।



**देशवार्ताका समस्त पाठकवर्ग, लेखक, शुभचिन्तकलाई अंग्रेजी नववर्ष 2024 को हार्दिक मङ्गलमय शुभकामना।**

**– प्रकाशक**

# ब्राजिल फुटबल संघलाई निलम्बन गर्ने फिफाको चेतावनी



विश्व फुटबल महासंघ (फिफा) ले ब्राजिल फुटबल महासंघमाथि प्रतिबन्ध लगाउने चेतावनी दिएको छ। फिफाले ब्राजिललाई निकट भविष्यमा आयोजना हुने कोपा अमेरिका फुटबल र आगामी विश्वकप फुटबल समेत खेल्न नपाउने गरी प्रतिबन्ध लगाउने चेतावनी दिएको हो। ब्राजिलियन फुटबल समर्थकका लागि यो ज्यादै निराशाजनक समाचार हो। ब्राजिलियन फुटबल संघको निर्वाचनको विषयलाई लिएर विवाद सुरु भएपछि फिफाले यस्तो चेतावनी दिएको समाचारमा जनाइएको छ। फिफाले ब्राजिललाई पटक–पटक महासंघको निष्पक्ष निर्वाचन गराउन निर्देशन दिँदै आएको छ। तर, ब्राजिल फुटबल महासंघले भने फिफाको निर्देशनलाई बेवास्ता गर्दै आएको छ। खासगरी फिफाले ब्राजिल फुटबल महासंघका वर्तमान अध्यक्ष एडनाल्डो रोड्रिग्वेजको विकल्प खोज्नका लागि नयाँ निर्वाचनको निर्देशन दिएको हो।

ब्राजिल फुटबल महासंघका वर्तमान अध्यक्ष रोड्रिग्वेज राजनीतिज्ञ पनि हुन्। पछिल्लो समयमा अध्यक्ष रोड्रिग्वेजका गतिविधि र उनले ब्राजिल फुटबल महासंघको निर्देशकसहित विभिन्न पदमा गरेको नियुक्तको व्यापक विरोध हुँदै आएको छ। हालै ब्राजिलको रियो अदालतले रोड्रिग्वेज र उनले नियुक्त गरेको निर्देशकहरुलाई पदबाट बर्खास्त गर्ने निर्णय सुनाएको थियो। अदालतको आदेशपछि रोड्रिग्वेजले महासंघको नयाँ निर्वाचन गराउन जोसे पेर्डिजलाई नियुक्त गर्ने प्रयास गरेका थिए। रोड्रिग्वेजको उक्त कदमको पनि व्यापक विरोध भएको थियो। ब्राजिल फुटबल महासंघको निर्वाचनका क्रममा कानुन विपरितका गतिविधिहरू भएको आरोप लागेपछि अध्यक्ष रोड्रिग्वेज विवादमा तानिएका हुन्। त्यसैले फिफाले यथाशीघ्र कानुनसम्मत तरिकाले नयाँ निर्वाचन सम्पन्न नगरे ब्राजिल फुटबल महासंघमाथि प्रतिबन्ध लगाउने चेतावनी दिएको हो।

# बोर्डले अनुमति–पत्र रद्द गरेपछि अफगानिस्तानका तीन खेलाडीको आईपीएल सहभागिता अन्योलमा

स्पोर्टस डेस्क : अफगानिस्तानका तीन खेलाडीले इन्डियन प्रिमियर लिग (आईपीएल) को आगामी सिजन खेल्न पाउने सम्भावना कमजोर बनेको छ। अफगानिस्तान क्रिकेट बोर्डले उनीहरूलाई आईपीएल खेल्न दिएको अनुमति–पत्र रद्द गर्ने निर्णय गरेको छ।



बोर्डले मजिब उर रहमान, फजाल हक फारुकी र नवीन उल हकलाई आईपीएल खेल्न दिएको अनुमति–पत्र रद्द गरेको हो। बोर्डसँग गरेको केन्द्रीय अनुबन्धनबाट बाहिरिने प्रयास गरेपछि उनीहरूको अनुमति–पत्र रद्द गरिएको समाचारमा जनाइएको छ।

यी तीन खेलाडीले बोर्डसँग गरेको केन्द्रीय अनुबन्धनबाट बाहिरिएर विश्वका विभिन्न राष्ट्रमा आयोजना हुने फ्रेन्चाइज प्रतियोगिता खेल्ने प्रयास गरेपछि बोर्डले यस्तो निर्णय लिएको हो। बोर्डले यस विषयमा छानबिन गर्न समिति पनि बनाएको छ। सोही कारणले खेलाडीहरूसँग वार्षिक सम्झौता गर्न पनि केही विलम्ब हुने समाचारमा जनाइएको छ। छानबिन समितिको प्रतिवेदन आएपछि मात्र खेलाडीहरूसँग वार्षिक सम्झौता गरिने छ। 'मजिब उर रहमान, फजाल हक फारुकी र नवीन उल हकका कारण राष्ट्रिय खेलाडीहरूसँग वार्षिक सम्झौता गर्ने कार्यक्रम केही समयपछि हुनेछ। यसका अतिरिक्त यी तीन खेलाडीलाई आगामी दुई वर्षका लागि अन्य राष्ट्रमा फ्रेन्चाइज प्रतियोगिता खेल्ने अनुमति पनि नदिने निर्णय गरिएको,' बोर्डद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

यी तीनैजना खेलाडी आगामी मार्च–अप्रिलमा आयोजना हुने आईपीएलका लागि विभिन्न क्लबमा आबद्ध भएका छन्। अफ–स्पिनर मजिबलाई अक्सनमा कोलकाता नाइट राइडर्सले दुई करोड भारतीय रुपैयाँमा खरिद गरेको थियो। उनको न्यूनतम मूल्य पनि दुई करोड रुपैयाँ नै राखिएको थियो। यसैगरी तिब्रगतिका बलर नवीन र फारुकीलाई क्रमश: लखनउ सुपर जाइन्ट्स र सनराइजर्स हैदराबादले क्लबमै राख्ने निर्णय लिएको छ। यसका अतिरिक्त मजिब अस्ट्रेलियामा आयोजना हुने बिग बास लिगमा पनि मेलबर्न रेनेगाड्सको टोलीमा परेका थिए। उनलाई अफगानिस्तान क्रिकेट बोर्डले तत्काल घर फर्कन निर्देशन दिएको छ।

# ऊ मरेकी छैन !!

मैले आफ्नो पाराले ससुराबालाई सम्झाउन चाहेँ,

: बुबाहजुरले आफ्नी छोरी मलाई सुम्पेर आफ्नो कर्तव्य पूरा गरीसक्नु भयो। अब हजुरले केवल मलाई आशीर्वाद दिए पुग्छ। मैले हजुरकी छोरी बिहे गरेको छु। मेरा बुबालाई बेलैमा गुमाए पनि हजुरलाई पाएदेखि बुबाको कमि अनुभव हुन छोडेको छ। बुबा शब्दले फेरि जीवनमा ठाउँ पाएको छ! अर्थात हजुर मेरो बुबा हुनुहुन्छ र म हजुरको छोरो। अब भन्नु होल मलाई, कुनै बाबुले छोराको अघि हात जोडेको देख्नु भएको छ? हजुरका हातले यसरी मेरो शिरमा बसेर आशीर्वाद दिँदा राम्रो सुहाउँछ। मेरो अघिल्तिर जोर्डिँदा हैन।

ससुराबाको हात मेरो शिरमा राख्दै मैले फेरि भनेँ,

: उहिले देखिचलि आएको ससुरालीले ज्वाइँ चेलाको समक्ष हात जोड्नु पर्ने यो अचम्मको नियम किन छ म जान्दिन र जान्न चाहन्न। हाम्रा पुर्खाले ज्वाइँलाई शिव अथवा विष्णुको रूप किन माने त्यसमा पनि मलाई चासो छैन। त्यो बेला कलिलो उमेरमै छोरीको बिहे गरिन्थ्यो र ज्वाइँको उमेर छोरी भन्दा कही गुणा धेर हुन्थ्यो। सायद बालख छोरीबाट केही भूलचुक भए उस प्रति अपहेलना वा दुर्व्यवहार नहोस भनेर ससुरालीले ज्वाइँ चेलालाई भगवानतुल्य व्यवहार गर्ने गर्थे। तर अहिले समय र परिस्थिति दुवै बदलिएको छ। छोरीलाई शिक्षा–दीक्षा दिई उपयुक्त उमेर भएपछि मात्र बिहे दिइन्छ। फेरि हाम्रो देशको कानुनले उसलाई पुरुषको समान मर्यादा प्रदान गरेको छ। आजको दिनमा स्त्री–पुरुष दुवैको अधिकार समान छ र यिनीहरूमा कसैले पनि अर्का प्रति अन्याय अत्याचार गरे ऐनद्वारा दण्ड पाउने छन। त्यसैले अहिलेको युगमा ज्यष्ठ ससुरालीका हातले ज्वाइँ चेलालाई आशीर्वाद दिन उठ्दा मात्र सुहाउँछ, जोडिएर खुसामद गर्दा हैन। हजुरले मेरो अगाडि यसो नगर्नु भन्ने याच नामैले बिहेको दिनै गरेको थिएँ र आज पनि गर्छु। अनि रह्यो गोढा धोग्ने वा गोडा धुने कुरा, त्यो त मैले र सरीले हाम्रो बिहेमा पनि हजुहरूलाई गर्न दिएनौँ अहिले किन दिन्थेँ!

ससुराबाले नबोली फेरि एकपटक मेरो शिरमा हात राख्नु भयो। वहाँलाई बसाएर म पनि नजिकै बसेँ। बुबा अचानक यसरी आएको कुराले मनमा कौतुहल मचाएको थियो। मैले कौतुहल मेट्ने चेष्टा गरेँ,

: अनि बुबा यसरी अचानक आउनु भयो! केही विशेष कारण पर्यो कि? मलाई खबर पठाउनु भएको भए म आई हाल्थे हजुर कहाँ।

ससुराबाले भन्नुभयो,

: होइन ज्वाइँ साब केही विशेष कारण होइन। सरी गईकन मेरो आउन मिलेको थिएन। बार्षिकमा पनि सरीकी आमा आउन खोजी र उसैलाई पठाएँ। नातिनीको न्यास्रो लागि रहेको थियो त्यही भएर आएँ। आइछ भने ल्याउनु है भन्दै थिई बुडेमा चाहिँ।

मैले खुसी जाहेर गरेँ,

: राम्रै गर्नुभयो बुबा आउनु भयो। तर नातिनी हेर्न यत्रोबाटो हजुर धाउनु भन्दा फोन गर्नु भएको भए म छोरीलाई उतै लाने थिएँ। आमाले पनि हेर्नु हुने थियो। उ जान मान्छे जस्तो लागेन। हजुर उसैलाई लिन आउनु भएको भनेर रोएर खपिनसक्नु गरी अघि मसँग। मलाई छोडेर कतै जान मान्दिन उहि जोआज।

ससुराबा आएको निक्कै समय भईसकेको थियो। म आउँदा आमा भान्सा कोठामा चिया चमेना तयार पार्नमा व्यस्त हुनुहुन्थ्यो। हाम्रो कुरा भित्रैबाट सुनिरहनु भएको रहेछ क्या र। चिया लिएर आउँदा भन्दै पस्नुभयो,

: तै त भन्छु सम्धिज्यू, विचारा ! बालखैमा आमा खोसि दिए दैवले। बाबुमै बाउ–आमा दुवैलाई खोज्छे उ। न बाबुलाई कतै जान दिन्छे, न आफू यसलाई छोडेर कतै जान्छे। बाबु पनि हराउन हूँ कि भन्ने डर उसको आँखामा छर्लङ्ग देखिन्छ। तर बाबुले बुझिदिए त हो! आफ्नो निम्ति नभए पनि यो बालखको भलो सोचेर नै बिहे चाहिँ गरिदिए हुन्थ्यो भन्छु, कहाँ मान्थ्यो र !

आमाले मौका छोपेर फेरि मेरो बिहेको प्रसङ्ग निकाल्नु भयो। ससुराबाले थप्नुभयो,

: साँचो भन्नु हो भने म आज यहाँ आएको उद्देश्य यही हो। म जान्दछु ज्वाइँ साबहजुरले मेरी छोरीलाई औधि माया र सम्मान दिनुभयो। अहिले पनि उसको यादमा सम्पूर्ण जीवन एक्लै बिताउन चाहँदै हुनुहुन्छ। राम्रो कुरा। म सम्मान गर्छु हजुरको भावनालाई। सन्सारमा सबै आमा–बाबुले हजुर जस्ता ज्वाइँ पाउने कामना गर्छन। तर हजुर एक्लै हुनुहुन्न। रचिता छ हजुरसित। मात्र सात वर्षकी बालख। आमाको माया केहो चिन्नै नपाई भगवानले उबाट आमा छिने। उसलाई आमाको जरुर त छ। आमाको मायाको जरुरत छ। मेरो विन्ती छ हजुरलाई, एकपटक उसको निम्ति आफ्नो सिद्धान्तलाई दोहोर्याएर सोच्नुहोस।

बुबाले एक प्रकार अनुरोध राख्नुभयो मेरो अगाडि। मैले मेरो भनाई राखेँ,

: बुबा नराम्रो नसोच्नु होला, म मान्छु प्रत्येक विषयलाई हेर्ने दृष्टि हर व्यक्तिको भिन्न हुन्छ। जे कुरा मलाई सही लाग्छ आवश्यक छैन हजुरको दृष्टिमा पनि त्यो सही नै होस। रचिता हजुरकी नातिनी हो र हजुरले उसको भलो सोच्नु हुन्छ। तर मैले दोस्रो बिहे गर्दा उसको जीवनमा आमाको खाँचो पूरा हुन्छ भन्ने कुरामा मलाई सन्देह छ। किनभने आजको स्वार्थी सन्सारमा सौताकी छोरीलाई छातीमा टाँस्ने नारी पाउँन गाह्रो छ। सन्तान साथमा भएकी विधवालाई जसरी पुरुषले सहजै आपनाउँन गाह्रो पर्छ त्यसरी नै एउटी नारीलाई पनि निश्चय सहज हुँदैनहोला लोग्नेसँग बाँधिएर आएको अर्काको सन्तान अपनाउन! आफ्ना सपना बिर्सिएर उसका सपना सच्याउन!

मलाई बीच्चैमा रोकेर ससुराबाले भन्नुभयो,

: होइन होइन ज्वाइँ साबहजुरले यति धेरै सोच्नु पर्दैन। मैले हजुरको निम्ति अर्थात नातिनीको निम्ति उसकी आमाको ठाउँमा हुल्न खोजेकी केटीले उसलाई सरी जत्तिकै माया दिनेछ। यो कुराको हजुरले कत्ति पनि सुर्तान लिनुहोस। हजुरले मात्र हुन्छ भन्दिए हप्ता दिन भित्रैमा विनालाई रचिताकी आमा बनाएर सरीको स्थान पूर्ण गर्नसक्नु हुनेछ।



**मनीषा दाहाल**
**रौता, असम, भारत**

: विना ?

म झसङ्ग भएँ। फेरि झ्वाँक्किएँ

: "तपाईँ मेरो निम्ति विनाको प्रस्ताव लिएर आउनु भएको? सोच्छ पनि कसरी सक्नु भयो?"

शब्दहरू मेरो मुखबाट झट्टारो जसरी निस्किए। ससुराले मलाई शान्त पार्दै भन्नुभयो,

: हो ज्वाइँबाबु। हजुर चकित नहुनु होस। विनाको पढा अझै सकिएको छैन भनेर होला, पढाईत उसले यहाँ आएर पनि पूरा गर्न सक्छे। अहिले नातिनीलाई मातृस्नेहको आवश्यकता छ जो विनाबाट उसले पाउने छ। विनाले रचितालाई सरी जतिनै माया दिनेछ।

: अनि विनाको आफ्नो जीवन? उनका आफ्ना सपना? (क्रमश..)









श्रीकुष्माखर उपाध्याय, सम्पादक औं प्रकाशक 9435920422, 6003805850 ( मो. ), सह सम्पादक श्रीदीपक थापा, तत्वधायक सम्पादक श्रीसुभाष विश्वास, मुद्रक : प्रिन्टिङयूनिट अफ दा इको अफ इण्डिया, ए.के. देव रोड, काटाबारी, गडचुक, गुवाहाटी –781035 कार्यालय ठेगाना : कछारीगाँउ, तेजपुर।

प्रबन्ध, फोटो तथा समाचारहरू इन्टारनेटबाट संग्रहित